# प्रदेश सभा

## गण्डकी प्रदेश

## विशेष अधिवेशन प्रथम

## (तेश्रो बैठक)

**मिति २०७७ साल पौष २७ गते, विहान ११ वजे**

प्रदेश सभा, गण्डकी प्रदेशको विशेष अधिवशनको आजको वैठकको कारवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा विहान ११ वजेर १५ मिनेटमा प्रारम्भ भयो ।

**माननीय सभामुख**

माननीय सदस्यहरु आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु आज भौगोलिक रुपले एकता गर्ने पृथ्वी नारायण शाहको जन्म दिन पनि हो ।तेलाई सम्झदै माननीय सदस्यहरु सर्वप्रथम म जरुरी सार्वजनिक महत्वको प्रस्ताव दर्ता गर्ने माननीय सदस्य श्री धनमाया पोख्रेल लामालाई आफ्नो संक्षिप्त वक्तव्य दिन अनुमति दिन्छु।समय १० मिनेट ।

**माननीय धनमाया पोख्रेल लामाः-** माननीय सभामुख महोदय नेपालको संविधानको धारा १८३ को उपधारा ३ अनुसार गण्डकी प्रदेश सभाको विशेष अधिवेशन सुचारु रहेको सर्वविद्धितै छ। प्रदेश सभाको नियमावलीको नियम ७२ बमोजिम जरुरी सार्वजनिक महत्वको विषय माथि छलफल गर्न

वेरोजगारी समस्या समाधान गर्न सम्वन्धित प्रस्ताव पेश गर्ने अनुमति चाहन्छु। माननीय सभामुख महोदय, नेपालको राजनीतिक विभिन्न परिघटनाको क्रममा भएका परिवर्तनलाई मध्यनजर गर्दै आज गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समानुपातिक र समावेशिताको उपलव्धिलाई संस्थागत गर्ने सिलसिलामा तीन तहको सरकार कार्यान्वयनमा जुटिरहेको अवस्थामा विकास निर्माण सुशासन र समृद्धिको ठुलो आशा र अपेक्षा जनतामा थियो । कोरोना भाइरस महामारीका कारण देश भरिका शिक्षा, पर्यटन, निर्माण, उद्योग, व्यवसाय, यातायात लगायतका सम्पूर्ण क्षेत्र प्रभावित भै धेरैले रोजगारी गुमाए।त्यस्तै गरी अन्तराष्ट्रिय स्तरमा पनि त्यस्तै नकारात्मक असरका कारण बैदेशिक रोजगारमा गएका नेपालीले पनि ठुलो संख्यामा रोजगारी गुमाए। स्वदेश फर्किएको स्थितिमा नेपालको संविधानले रोजगारीलाई मौलिक हकको रुपमा व्यस्था गरेको भएता पनि नेपालको श्रम बजारमा हरेक वर्ष आउने करिव ५ लाख जनशक्ति मध्ये केहि हजारले मात्र स्वदेशमा रोजगारी पाउने विद्यमान अवस्थामा लाखौं नेपालीहरुका लागी वैदेशिक रोजगारी रहर नभएर बाध्यात्मक विकल्प हो। रोजगारीमा आएको अप्रत्यासित बृद्धिले जनजीवन कष्टकर बनिरहेको परिप्रेक्ष्यमा प्रदेश सरकारले गुमेको रोजगारीलाई पुनर्स्थापित गर्न नयां रोजगारको अवस्था सिर्जना गर्न स्वरोजगारको कार्यक्रम ल्याएर सकारात्मक पहल गर्न आवश्यक छ। माननीय सभामुख महोदय, प्रदेश सरकारले कोरोना भाइरसले प्रदेशको जनजीवन र अर्थतन्त्रमा पारेको असर बारे अध्ययन गर्न गठन गरेको कार्यदलको प्रतिवेदन अनुसार कोरोनाका कारण

एक लाख दैनिक ज्यालादारी मजदुर प्रभावित हुने बैदेशिक रोजगारीमा ४ लाख एकाउन्न हजार ७२६ मध्ये ६९ हजार सात सय फर्कने, श्रम वजार मध्ये थप वेरोजगारीको प्रवेश हुने, प्रदेशको कुल ग्राहस्थ उत्पादन जीटिविमा १९ अर्व ३३ करोड ४० लाखको नोक्सान हुने उल्लेख छ। माननीय सभामुख महोदय राष्ट्रिय योजना आयोगको अनुसार देशमा ९ लाख र विदेशमा ३ लाखले रोजगारी गुमाएको ताजा प्रतिवेदन छ ।अप्रत्यक्ष रोजगारी र स्वरोजगारी गर्ने ठुलो संख्यामा प्रभावित भएको छ । यस समय पिडामा रहेको प्रदेशका वेरोजगारी नागरिकको लागी सरकारले वजेटमा थोरै बोल्यो र दुर्भाग्यबश बोलेको पनि पुर्याएन । व्यवसायी बचाउन १ अर्वको व्यवसायी जीवन रक्षा कोष ईन्टरप्राइजेज सर्भाइभर फण्डको कार्यान्वयन गर्न सकेको भए बेरोजगारीको दरलाई घटाउन सकिन्थ्यो तर विडम्वना सो योजना हालसम्म कार्यान्वयन आउन सकिरहेको अवस्था छैन। माननीय सभामुख महोदय बन्द उद्योग कलकारखाना पर्यटन लगायतका व्यवसाय निर्माण यातायातका क्षेत्रलाई पुनर्जीवन दिएर पुन संचालनमा ल्याउने वैदेशिक रोजगारीबाट फर्किएकालाई र स्वदेशमा रहेका शिपयुक्त हातहरुलाई रोजगारमा स्वरोजगार बनाउनु वजेटमा उल्लेखित कार्यक्रमलाई कार्यान्वयन गर्ने र नयां योजना कार्यक्रम ल्याउन कोरोना महामारीको प्रभावबाट शिथिल अर्थतन्त्रलाई पुरानै लयमा फर्काउन आजको यो प्रस्ताव तथा छलफलले प्रदेश सरकारलाई विशेष सहयोग मिल्ने आशा एवं विश्वास लिंदै आफ्नो भनाईहरु यहिं अन्त्य गर्दछु । हस्त धन्यवाद नमस्कार।

**माननीय सभामुख**

माननीय सदस्यहरु अव जरुरी सार्वजनिक महत्वको प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ। निर्धारित समयभित्र माननीय सदस्यहरुले आ-आफ्नो भनाईहरु राख्नु हुन अनुरोध गर्दछु। सर्वप्रथम म जरुरी सार्वजनिक महत्वको प्रस्तावलाई समर्थन गर्ने माननीय सदस्य श्री हरिशरण आचार्यलाई बोल्न समय दिन्छु। समय ५ मिनेट।

**माननीय श्री हरिशरण आचार्यः-** माननीय सभामुखज्यू विशेष अधिवेशनको यो सन्दर्भमा आजको दिनलाई म अलिकति स्मरण गर्न चाहन्छु। आजको दिन यो नेपालको भौगोलिक एकिकरणका लागि पृथ्वी नारायण शाहले खेलेको भुमिका आफ्नो ठाउंमा छ। आज यो दिनलाई सम्झेर पृथ्वीनारायण शाहको जन्म दिनलाई सम्झेर भौगोलिक एकिकरणको शुरुवात कर्ताको रुपमा हामीले चिन्ने गर्छौं। तर त्यहि संगसंगै यसको नकारात्मक पाटो नेपाली जनताको भावनात्मक एकतालाई तोडेको दिन पनि त्यो रुपमा पनि हामिले चिन्न जरुरी छ। मैले यहांहरुसंग विनम्रताका साथ यो विन्ति यो विषय राखें र दोश्रो कुरा आज हामी यहि सन्दर्भमा यहि दिनलाई सम्झंदै गर्दाखेरि सारा जातजाति क्षेत्र लिङ्ग उत्पिडित समुदायहरुले यो दिनलाई नकारात्मक दिनको रुपमा पनि बुझ्ने गर्छन। त्यसैले सकारात्मक र नकारात्मक दुइटै इतिहासहरु नेपालको इतिहासमा लेखिएका छन। मैले यो रुपमा स्मरण गर्न चाहन्छु। हामी विशेष यो अधिवेशनको यस सन्दर्भमा हाम्रो प्रदेशको नियमावलीको ७२ ले जुन जरुरी

सार्वजनिक महत्वको प्रस्तावको विषयलाई उल्लेख गरेको छ त्यहि विषय अन्तर्गत रहेर आज विशेष गरि नेपालमा बढदै गैराखेको वेरोजगारी समस्या त्यो पनि अझ कोरोना भाइरसको कारणले गर्दाखेरी अझ जरजर बनेको यो अवस्थामा हामीले यसलाई कसरी हल गर्ने आज सरकारको योजना भित्र केछ आज हामी विदेशबाट फर्किएका मान्छेहरुलाई कसरी रोजगारी दिन सक्छौं आज सवै युवाहरुलाई नेपालमै फेरी रोजगारी प्रदान गर्न सक्ने एउटा आधार स्तम्भ हामीले कसरी खडा गर्न सक्छौं यो विषयको महत्वपूर्ण उठान गर्न जरुरी छ र राज्यले सरकारले त्यसलाई गम्भिरतापूर्वक लिनका लागि म आग्रह गर्न चाहन्छु । आज त्यहि विषयका साथ सायद माननीय धनमाया पोख्रेल लामाले यो विषय वस्तुलाई राख्नु भएको हो भन्ने मेरो अनुभुत छ। आज हामी हजारौं मान्छेहरु नेपाल बाहिर रोजगारीका निमित्त जान्छन अनि ति मान्छेहरु सवै फर्किंदा खेरी सवैलाई रोजगारी अथवा पैसा कमाएर फर्किन्छन भन्ने छैन। ती मान्छेहर बाकसमा कैद भएर बाकसभित्र बन्द भएर अनि जहाजबाट ओर्लिंदाखेरी त्यो सेतो बाकसमा लिएर आउनु पर्ने परिवारको त्यो बाध्यता पनि परिस्थिति हाम्रो अगाडि छ । अनि फेरी त्यो संगसंगै अर्कोतिर राज्यले फेरि ती लासहरलाई एक ठाउंमा कलेक्सन गरेर एकपटक हृदयदेखि सोचे पनित हुन्थ्यो तर आज हामीले हेर्दाखेरि कैयौं रुग्ण उद्योगहरु छन । ती रुग्ण उद्योगहरुलाई अहिले पनि सरकारले चलाउन प्रयत्न गर्दैन । म यहि प्रदेशको हकमा म भन्न चाहन्छु हामीसंग भृकुटि कागज कारखाना छ अनि हामीसंग रवर उद्योग कारखाना छ रवर उद्योग कारखानाका कारणले

गर्दाखेरि ५०० मान्छेको रोजगारी खोसिएको छ । भृकुटि कारखानाका कारणले गर्दाखेरि पांच सात सय मान्छेहरुको रोजगारी खोसिएको छ ।यस्ता कैयौं उद्योगहरु छन । अनि फेरि स्वरोजगार मजदुरहरु बनिराखेका कैयौं मजदुरहरुको अहिले कोरोनाको कारणले रोजीरोटी खोसि राखिएको छ । अनि भरिया मजदुरहरु त्यो माथि पनि अझ म के राख्न चाहन्छु भने अहिले सवै प्रविधिका कारणले गर्दाखेरि ठुलठुला धेरै व्यापारहरु धेरै मान्छेका रोजगारीहरु प्रविधिमा केन्द्रित भए । अनि धेरै जनाले पाउने रोजगार थोरै मान्छेमा सिमित भयो अनि त्यसपछि त्यसका कारणले गर्दाखेरि त्यो रोजगारी खोसिंदै खोसिंदै जांदाखेरि अझ धेरै मतलव बेरोजगारिको संख्या बढदै छ। कारण यो प्रविधिका कारणले अनि हामीले चाहिं हाम्रो चेतनाको विकासको कारणले गर्दाखेरि आज यो सवै चिजहरु खोसिंदै छन। त्यसले हामीले त्यसको वैकल्पिक व्यवस्थापनका निमित्त सरकारले त्यो जुन व्यवस्थापन गर्न भनेर १ अर्व पैसा छुट्टयाएको छ त्यो कहांनेर कहिले लागु हुन्छ अनि ति मान्छेहरुले कहिले कुन ठाउंमा गएर रोजगारी पाउंछन यो कुराको ग्यारेण्टि अहिले सम्म हामीले गर्न सकेका छैनौं ।दोश्रो कुरा आज हामीले हरेक मान्छेहरुलाई ऋण व्याज अनुदानमा दिने भनेर भनेका छौं । हामीले त्यो ऋण दिने प्रकृया कहांबाट कहिले शुरु गर्ने ? यदि वैंकले आफ्-आफ्ना आफ्ना नजिकका मान्छेहरु बाहेक अथवा सोर्स कुन सोर्सका आधारमा दिने भन्ने कुरा बाहेक अरु केहि गरेको छैन । आज हाम्ले निश्पक्ष ढङ्गले हरेक मान्छहरुले काम गर्ने गरेर एउटा प्रोजेक्ट बनाउने गरेर त्यो प्रोजेक्ट गरेर हामीले विना धिता ऋण दिने

व्यवस्था मिलाउन सक्छौं की सक्दैनौं ? उलाइ स्वरोजगार बनाउन सक्छौं की सक्दैनौं ? आज हाम्ले रोजगारीको ग्यारेण्टि गर्ने कुरा त्यहांनेर छ त्यसैले यो विषयमा सरकार गम्भिर बनोस मेरो आग्रह छ। आज सरकारका हरेक ठाउंमा गएर फेरी त्यहां जनताले नारा जुलुस गर्न पर्ने, वेरोजगार मान्छेहरु जो उत्पादन भैराखेका छन नेपालमा ती उत्पादन बेरोजगार मान्छेहरुले गएर सरकारको विरुद्धमा बोल्न पर्ने परिस्थिति सिर्जना नहोस म सरकारलाई यो चेतावनी दिन चाहन्छु र सरकारले बेलैमा ध्यान दिएर कान खोलेर सुनोस आग्रह गर्न चाहन्छु तपाईं वेरोजगार उत्पादन गर्दै हुनुहुन्छ की स्वरोजगार मान्छे जन्माउदै हुनुहुन्छ ? यसको प्रश्नको उत्तर सायद सरकारका जिम्मेवार मन्त्रिज्यूहरुबाट आउनेनै छ आशा गर्दछु । त्यो दिन हामीले फेरि गाली गर्ने परिस्थिति सिर्जना नहोस। धन्यवाद।

**माननीय सभामुख**

अव म जरुरी सार्वजनिक महत्वको प्रस्तावलाई समर्थन गर्ने माननीय सदस्य श्री प्रकाश चन्द्र दवाडिलाई बोल्न समय दिन्छु । समय ८ मिनेट ।

**माननीय प्रकाश चन्द्र दवाडिः-** सभामुख महोदय, सम्पूर्ण सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु र आज एउटा गत सोमबारको एउटा घटना प्रति गोरखाको चुनमुब्री चारको पांचको बुर जोडने बुढी गण्डकी माथिको काठे पुलबाट बुरका मिङगुर दोर्जे लामाका १२ वर्षिय छोरा पेमा ग्याल्जे लामा खसेर मृत्यु भएको छ । उहां प्रति हार्दिक श्रदाञ्जलि व्यक्त

गर्न चाहन्छु। सरकारमा बसेर यहि नेतृत्व गर्ने साथीहरुले यहां भएको घटना प्रति केहि चासो नदेखेकोमा सरकारलाई ध्यान आकर्षण गर्न चाहन्छु। बाढीबाट धेरै क्षती भएको छ त्यो क्षतीबाट घरहरु विस्थापित भएका छन । अहिले सम्म सरकारले त्यो पनि चासो नदिएकोमा सरकारलाई सुझाव पनि दिन चाहन्छु । आज कोभिड १९ ले उद्योग, कलकारखाना व्यवसायी विदेशमा बसेका बैदेशिक रोजगारीमा रहेका साथीहरु दैनिक एकलाख बराबरमा वेरोजगारमा फस्नु पेरेको छ। आज यो सभालाई ध्यान नगएर सरकारको सधैं आफैले आफ्नै मात्रै कुरा गरेर हिंडेको महसूस भाको छ। त्यसैले हाम्ले आज संकल्प प्रस्ताव पेश गरियो। नेपाली कांग्रेस संसदीय दल र जनता समाजवादी पार्टिले संकल्प प्रस्ताव पेश गरियो । सरकारले यो त राम्रो गर्यो भन्नु भाको छ । खुसी लागेको छ मलाई सरकारले केहि गर्न नसक्ने आको प्रस्तावलाई राम्रो भयो मात्र भनेर बस्नी त्यो प्रति पनि सचेत गराउन चाहन्छु । आज दैनिक वेरोजगारको महामारीमा फसेको यो देश विश्वमा हाम्लाई कति तथ्याङ्क थाहा छ गण्डकी प्रदेशमा मात्रै ६७७०० जना बाहिर वैदेशिक राजगारीबाट रोजगार गुमेर गण्डकी प्रदेशमा आको अहिले सम्मको तथ्याङ्कमा फेला परेको छ त्यो चाहिं तथ्याङ्क सरकारले सार्वजनिक गरेको छ की छैन थाहा छैन मलाई तर ती जना ती बाहिरबाट आफ्नो रोजगारी मुक्त आफ्नो रोजगारी गुमेर आएका नेपाली जनतालाई गण्डकी प्रदेशका जनतालाई कसरी सरकारले रोजगारी बनाउने केहि खाका ल्याएको छ त भन्ने म सभामुख मार्फत सरकारलाई ध्यान आकर्षण गर्न चाहन्छु । त्यस्तै

आज मलाई लागेकोछ केहि त सरकारले गरोस रोजगारी देओस भन्ने जनताहरु ठाउंठाउंमा बसेर आशा लिएर बस्नु भाको छ । त्यहां हरेक वर्ष हाम्रो नेपालमा ५० हजार श्रमिकलाई रोजगारीको आवश्यक छ । त्यो संगसंगै श्रमिकको रोजगारी पनि जोडिएको छ । त्यो रोजगारीलाई ध्यान सरकारबाट केहि ध्यान आएको छ केहि चासो आएको छ त अहिले सम्मन जनजीवन कष्टकर पुगेको छ। केहि योजना ल्याउने रोजगारीकै नाममा सोच राख्ने तर त्यसको कार्यान्वयन नगर्ने सवालमा सभामुख महोदय सरकारले ध्यान दिनु पर्छ जस्तो मलाई लागेको छ। अहिले सम्म उद्योग व्यवसायी सहुलियत ऋण दिने भनेर ठुलो नारा भयो वजेटमानी छुट्टयाइयो हामी प्रतिपक्षलेनी सहयोग गरियो।१ अर्व पैसा छुट्टयाएर राखियो त्यो एउटा बकेट एउटा बाकसमा राखेर कैले आफ्नै आन्तरिक झगडा कैलै वजेट कार्यान्वयन गर्न गाह्रो भो भनेर कर्मचारीलाई भएन भनेर बस्ने सरकार नेतृत्व गर्ने साथीहरुलाई मेरो खवरदार छ छिटै नै सभामुख मार्फत म के आग्रह गर्न चाहन्छु भने त्यो छिटै नै सभामुख मार्फत म के आग्रह गर्न चाहन्छु भने त्यो छिटै व्यसायहरुलाई ऋण प्रवाह गरेर सहुलियत ऋण प्रवाह गरेर अलिकति होस्टेमा हैंसै गर्दिनु हुन आग्रह गर्छु। आउने यहां जवाफमा सुनिन्छ भोलि हिजो पनि सुनियो। भैराछ र गरिराछ भन्ने नारा नगर्दिन हुन म हार्दिक आग्रह गर्छु ।जनतालाई साह्रै पिडा भैसक्याछ सभामुख महोदय। यहां सरकारमा बस्ने साथीहरु मार्फत के भाछ भने घरघरमा गइन्छ यस्तो भयो भनिन्छ। के भाछ जनतालाई कति जनताहरु भोकमरिले मर्याछ जनतालाई पनि महसुस हुनपर्योनी कति वेरोजगारी गुमेको

छ त्यो महसुस नहुने काममा सधैं भ्रमित बनाएर भैराको मात्रै नारा दिने त्यो नगर्न हुन पनि सरकारलाई आग्रह गर्छु। आज धेरै ठाउंमा अनुगमनका रिपोर्टहरु गएका छन । हामी कृषिको अनुदान दिने नाममा कृषिको उद्योग कृषिबाट उद्योग मणिग्रामको नाममा पैसा बांडिएको छ। त्यो के भाको छ भने सभामुख महोदय रोजगारीको नाममा त्यो बांडने तर सिमित रुपमा काम नगरेका मान्छेहरुलाई उपलव्ध गराउने काम भाको छ। अहिले पनि टडकारो रुपमा खोजेका छौं हाम्ले एक जिल्लामा त्यो अनुदानको रुपमा ठुलो डांडामा बसेर त्यहां छ किक छैन भनेर हेरेर आउने कर्मचारी साथीहरुलाई या सरकारमा गएका नेतृत्वका ती साथीहरुले तुरुन्तै छानविन गरेर सुझाव दिन पनि आग्रह गर्छु। यहां मलाई एउटा सधैं भन्ने चलन छ मैले गोर्खाको मान्छे भएर गोर्खैको कुरो गरे जस्तो लाग्छ तपाइहरुलाई गोर्खाको रबर उद्योग २ बर्ष अगाडि मन्त्रीज्यू आफै गएर अनुगमन गर्न जानु भाको थियो। मलाई खुसी पनि लाको थियो। त्यहां भएका कर्मचारीहरु खुसीले गदगद हुन भाको थियो। ओहो हाम्रो त अब रोजगारी शुरु हुनी भयो भनेर खुसी हुनु भाको थियो। त्यहां ५०० भन्दा माथि वेरोजगारी हुने अवस्था हुंदाहुंदै पनि वहांहरु धानेर रवर उद्योग चलाउने भनेर चल्छकी भनेर बस्नु भाको थियो। हाम्रा सरकारमा नेतृत्व गर्ने साथीहरु जानु भो। त्यहां मिठो मधुर मिठो भाषण गर्नु भो। राम्रो खादा माला लाएर आउनु भो तर अहिले पनि अस्ति म जांदा त्यहां भाका कर्मचारी साथीहरु श्रमिकहरुले हाम्लाई त त्यही मिठो भाषणमा बसिराछौं माननीयज्यू हामी के गर्नी भन्ने कुरा र आवाजहरु उठाउनु भाछ। मेरो

आग्रह छ। त्यसरी गैसकेपछि त्यसरी जांदा श्रमिकको एउटा भावना बुझिसकेपछि ति संस्थाहरुलाई ति उद्योगहरुलाई तुरुन्तै सूचारु गर्न किन नसकिने सभामुख महोदय ? मेरो आग्रह अनुरोध छ। यस्ता अनुरोध गर्दागर्दै पनि हामी धेरै पिडित भएका छौं। हाम्ले भन्ने गर्छौं गएर सरकारले भन्ने सरकारले गर्न खोज्ने सरकारको काम नभाको मात्र भन्छौं। हामी प्रतिपक्षमा वस्नीले त्यो भनेका छैनौं । सरकारले भाकै छ भनेका छौं। अहिले त अलिअलि खुसी लाग्न थालेको छ । खोइत रोजगारी काहां भाको छ ? रोजगारी कुन ठाउंमा भयो भन्ने साथीहरुले पनि भित्रभित्र निक्लेको मलाई पनि खुसी लाको छ। किन भने नभा कुरो त प्रतिपक्षले भन्दा आरोप लाको मात्र महसूस हुन्थ्यो। अलिकति संगसंगै बस्ने साथीले भन्दा पनि हाम्लाई पनि अलिकति हो जस्तो लाग्नी जनतालाई हो जस्तो लाग्नी महसूस भाको छ । त्यसैले मेरो अहिले रोजगारीबाट बन्चित हुने नेपाली जनतालाई बन्चित भएको गण्डकी प्रदेशका जनतालाई हाम्ले किन आत्मसाथ आत्मसंग सोचेर किन काम गर्दैनौं? सभामुख महोदय आज यस सभामा बोल्दै गर्दा हामी जसरी जे सोचेर हामी प्रदेश सरकार गठन भएकातिर थियौं। हामी प्रतिपक्षमा रहंदा पनि सरकारलाई सायद भन्ने चलन छ गण्डकी प्रदेशको प्रतिपक्षले त राम्रो सहयोग गरेको छ भन्ने चलन छ बाहिर तर किन सहयोग गर्यो भने गण्डकी प्रदेशको जनता भनेको प्रतिपक्ष सरकार पक्ष सवैको हो। सवै मिलेर गण्डकी प्रदेशलाई अरु प्रदेश भन्दा नमुना बनाउनु पर्छ भनेर हाम्ले सहयोग गरेका छौं। संकल्प प्रस्ताव सरकार चलाउन पनि संकल्प प्रस्ताव ल्याएर चलाउन पर्यो भन्नी हाम्ले।

रोजगारीको लागि पनि हाम्ले भन्नु पर्ने सरकारमा बसेको के औचित्य सभामुख महोदय त्यो कुर्चीमा बसेर जनतालाई भ्रममा गरेर स्वास्थ्यको त्यस्तै विगविगी छ। स्वास्थ्यबाट रोजगारी दिने नाराहरु छ। यो भावनालाई किन सरकारमा बस्ने साथीहरुले बुझ्नु हुन्न सभामुख महोदय ? सभामुख मार्फत आज यी रोजगारीबाट बन्चित भएका जनतालाई जसरी पनि रोजगारबाट आफ्नो ज्यान धनको सुरक्षा रोजगारीबाट शिक्षा रोजगारीबाट सपै कुरो जोडिएको हुन्छ। विकास निर्माण पनि जोडिएको हुन्छ। हाम्ले भन्ने गरेका छौं रोजगारी मात्रै हैन सपै बाटाहरु जोडिएका हुन्छन त्यसैले अव सरकारमा रहने सम्पूर्ण सरकारको दायित्व मात्र हैन हाम्रो पनि दायित्व हुन्छ हाम्ले फेरी सरकारलाई मात्रै आरोप प्रत्यारोप लगाउंदैनौं। तर सुन्दिनु पर्यो। भएको हाम्ले वजेट ल्याएका वजेटहरु कार्यान्वयन गर्दिनु पर्यो समयमा। अनुगमन गर्न जाने निहुंमा चाहिं कार्यान्वयन नगर्ने अनुगमनको भावनालाई बुझेर त्यो रोजगारी त त्यहिंबाट जाने होनित। सभामुख महोदय, रोजगारी जाने क्रममा छुट्टयाएको वजेटहरु कार्यान्वयन गर्दिनु पर्योनी। त्यसैले मैले किन यो कुरा जोडन लागेको भने आज कृषि लगायतका ठाउमा आज उद्योग कलकारखानाका नाउंमा वजेट छुटिएका छन, कार्यान्वयन भाको छैन त्यो कार्यान्वयन गर्ने काम छिट्टै होस आजको दिनबाट सम्पूर्ण गण्डकी प्रदेश वासीले सांच्चै भन्दा नेपाली कांग्रेस र जनतासमाजवादीले ल्याएको संकल्प प्रस्तावबाट रोजगारीको भावना अगाडि बढ्यो त्यो बढेको भावनाबाट जनताले सुख पाए भन्ने सभामुख

मार्फत सरकारले अनुभुती दिलाओस भन्ने पुन अनुरोध गर्दै मेरो दुई शव्द यहिं अन्त्य गर्छु धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख**

**माननीय सदस्यहरु** माननीय सदस्य श्री मोहन प्रसाद रेग्मी समय ७ मिनेट।

**माननीय मोहन प्रसाद रेग्मीः-** माननीय सभामुखज्यू, आज हामी यो विशेष अधिवेशनमा सार्वजनिक महत्वको विषयमा छलफलमा उपस्थित भएका छौं र सवै भन्दा पहिला गण्डकी प्रदेश सभामा सार्वजनिक महत्वको विषयको प्रस्तावकर्ता माननीय धनमाया लामा पोखेल र समर्थक हरिशरण आचार्य र माननीय प्रकाशचन्द्र दवाडिद्धारा प्रस्तुत यो विषयमा केहि शव्दहरु व्यक्त गर्ने म अनुमति चाहन्छु। गण्डकी प्रदेश सरकार यो वेरोजगारको सन्दर्भमा वा रोजगारका सन्दर्भमा सम्वेदनशील छ। यसलाई सुरुआति अवस्था देखि नै नेपाली जनताको समृद्धिको बाटोमा अगाडि बढने प्रयास गरेको छ भन्ने कुरा नीति तथा कार्यक्रमले नै उल्लेख गरेको छ। हामीलाई थाहा छ गण्डकी प्रेदश सरकारले आफ्नो नीति तथा कार्यक्रम मार्फत पर्यटन क्षेत्रको विकास र त्यसबाट प्राप्त गर्ने रोजगार र स्वरोजगारका अवसरहरु सिर्जना गर्ने क्षेत्रलाई व्यवस्थित गर्न खोजेको छ वा त्यसको शुरुवाती गरी उद्योगको क्षेत्रमा उद्योग सञ्चालन त्यसको व्यवस्थापन र परिचालनबाट रोजगारका अवसरहरु सिर्जना गर्ने लगानीकर्ताहरुलाई सरकारी मात्र हैन नीजि क्षेत्रको पनि लगानी गर्ने तीन तहको समन्वयमा विभिन्न ढङ्गले अगाडि

बढाउने प्रयास गरेको सर्व विद्धितै छ। कृषि क्षेत्रबाट पनि रोजगारहरुका अवसर सिर्जना गर्ने स्वरोजगार सिर्जना गर्ने उद्देश्यका साथ मोडेल फर्मको रुपमा किन नहोस सहकारीको माध्यमबाट किन नहोस उत्पादनमा जोड दिंदै मुख्यमन्त्री जलवायु कृषि गाउंको माध्यमबाट उत्पादन त्यसको रोजगार र स्वरोजगारसंग जोडिएका विषयहरुलाई पनि सम्वोधन गरेर यो प्रदेशका जनतालाई सुखी र समृद्ध बनाउने अभियानमा लागेको कुरालाई हामीले सकारात्मक ढङ्गले हेर्न सक्नु पर्छ । भौतिक पूर्वाधारको क्षेत्रमा उसले अगाडि सारेका निर्माणका कामहरु योजनाहरु यी सवै तिव्र गतिमा अगाडि बढिरेहेको बेला हाम्रा सामु देखा परेको चुनौति कोभिड १९ ले पारेको प्रभाव आर्थिक मन्दिका कारण जुन गतिमा जानु पर्ने हो त्यो ठाउंमा पुग्न सकेनौं भन्ने कुरा केवल सरकारको पक्ष मात्र हैन यो सम्मानित सदनमा हाम्रो छलफलको विषय बनि रहेको छ । हामी सवैले यसलाई महसुस गरेका छौं । यो विषयले मलाई के लाग्छ भने अहिले पनि हामी जनताका वीचमा हाम्रा भनाइहरु राख्न दिनु भएको अवसर पाएका छौं । सरकारका तर्फबाट आफ्ना विषयहरु आउलान र हामी एउटा जनप्रतिनिधिका हिसावले माननीय संसदको प्रतिनिधिको हिसावले संसदमा आफ्ना विषयहरु राखिरहंदा दक्ष जनशक्तिको व्यवस्थापन गर्ने विषयमा साधन र श्रोतको पहिचान गर्ने सन्दर्भमा रोजगारको क्षेत्र पहिचान गर्ने र त्यसलाई व्यवस्थित गर्ने क्षेत्रमा लाग्छ सरकार निरन्तर लागिरहेको छ। यसले संचालन गरेका सरकारले संचालन गरेका तालिम अनि स्वरोजगारका क्षेत्रहरु किटान गरेर जसरी अगाडि बढन खोजीरहेको छ यसलाई निजी

क्षेत्रको पनि लगानी गरेर अगाडि बढाउने कोशिश गरिरहेको छ । ठुला औद्योगिक क्षेत्रहरु निर्माण गर्ने क्षेत्रमा अर्थात एक स्थानिय तह एक उद्योग ग्रामको ढङ्गले अगाडि बढाउन खोजेको छ र प्रश्न उठेको छ संघीय सरकार प्रदेश सरकार र स्थानिय तहको समन्वयात्मक ढङ्गले अगाडि बढाउनु पर्ने प्रदेश सरकारको योजना र मैले हिजो कताकता सुनें अहिले सरकारलाई घेराबन्दी गर्ने काम गर्न नदिएको अवस्थामा सरकारको तर्फबाट अथवा सम्माननीय प्रधानमन्त्रीले ताजा जनादेश लिन जान खोज्नु भएको अर्थात यसको निर्णय गरेर जनता सामु अनुमोदित हुन खोजीरहेको अवस्थालाई असम्वैधानिक भनेका छन। संघीय सरकारका घेराबन्दीकारण धेरै योजनाहरु कार्वान्वयन गर्ने क्षेत्रमा संघीय सरकारबाट प्रदेश सरकारलाई वजेट विनियोजित गर्ने र कार्यान्वयन गर्ने सन्दर्भमा पनि कतिपय हामीले चर्चा सुनेका छौं । मलाई लाग्छ आज हामी लोकतन्त्रको दुहाइ दिनेहरु जनता सामु जान डराउन हुंदैन र जनता सामु गएर नयां जनादेश लिनु पर्छ भनेर अगाडि बढेको कुरालाई मैले यो विकास र समृद्धिसंग जोडन खोजेको हो । सुखी नेपाली र समृद्ध राष्ट्र बनाउने अभियान हो यो। अहिलेको सरकार कमरेड केपी ओलीको नेतृत्वमा रहेको सरकार सम्माननीय प्रधानमन्त्रीले नेतृत्व गरेको सरकारले ल्याएका योजनाहरुलाई अझै व्यवस्थित ढङ्गले प्रदेश र स्थानिय तहमा लैजाने कुरामा पनि धेरै कुराहरु अप्ठयारो स्थितिले गर्दा पनि हाम्ले यि रुग्ण उद्योगहरु संचालन गर्ने विषय होस वा प्रदेशको वजेट विनियोजित गरेर रोजगारका अवसरहरु सिर्जना गर्ने विषयहरु यसमा पनि कतै व्यवधानत भएको छैन भन्ने मलाई लाग्यो।

आज हामीले हेरीरहेका छौं अहिले पनि कृषि क्षेत्रको मैले जानकारी पाएको अनुसार भन्ने हो भने अहिले पनि कृषि क्षेत्रमा १९ प्रतिशत जनशक्ति श्रममा आधारित छन । औद्योगिक उत्पादन तथा प्रशोधन आपूर्तिको क्षेत्रमा करिव ३४.७ प्रतिशत जनशक्ति परिचालन भएको छ र सेवाको क्षेत्रमा सवारी साधन यातायात लगायतका क्षेत्रमा आवासका क्षेत्रहरुमा ४६.३ प्रतिशत श्रम शक्ति संचालन भएको छ र यसले मात्र पुग्दैन । अझै हामी यसलाई व्यवस्थित ढङ्गले अगाडि लैजाने र यो सरकारलाई छिटो भन्दा छिटो काम गर्ने वातावरण सिर्जना गर्ने र सहयोग गर्ने हाम्रो पनि कर्तव्य हो। यस कारण अहिले मैले उठाउन खोजेको विषय के हो भने संघीय सरकार प्रदेश सरकार र स्थानिय तहको सहकार्यका आधारमा अगाडि बढने सन्दर्भमा पनि हाम्ले विशेष ध्यान दिनु पर्छ र प्रदेश सरकारले जनताका अपेक्षा पुरा गर्नका लागी आधारभुत तहमा (माननीय सभामुख समय सकियो) लैजाने र रोजगारी अवसर सिर्जना गर्ने जुन ढङ्गले अगाडि बढेको छ अझै शसक्त ढङ्गले अगाडि बढन सकोस्। धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री ईन्द्रलाल सापकोटा समय ८ मिनेट।त्यसपछि माननीय सदस्य श्री विष्णु प्रसाद लामिछाने ।

**माननीय ईन्द्रलाल सापकोटाः-** सभामुख महोदय, आज हामी यो सभामा विशेष अधिवेशनको सन्दर्भमा मुलत कोभिड १९ र यसका दुष्परिणामहरु योले सिङ्गो यो गण्डकी प्रदेशमा पारेका प्रभाव मात्र होइन सिङ्गो मुलुकमा

पारेका नकारात्मक प्रभावहरुका बारेमा छलफल गरिरहेका छौं। यो प्रस्तावका प्रस्तावक समर्थक मित्रहरु जसले यो प्रदेश सभालाई आमन्त्रण गरेर केहि विषयहरु राख्ने अवसर दिनुभयो यसका निम्ति वहांहरुलाई विशेष धन्यवाद दिन चाहन्छु र मैले यहांहरुका विचमा धेरै विषय राख्न चाहन्न कोराना र यसका प्रभाव बारेमा म आफै पनि पर्सनल्ली अत्यन्तै पिडित मान्छे हो। वास्तवमा कोभिड १९ को बारेमा म गण्डकी प्रदेश सरकारलाई अहिले पनि विशेष ध्यान आकर्षण गर्न चाहन्छु। हाम्ले सार्वजनिक रुपमा कोभिड १९ र यसको रोकथामको बारेमा जेजे काम गर्यौं भनेर फेहरिस्त प्रस्तुत गर्यौं त्यसको प्रत्यक्ष पिडित एउटा पात्र म पनि हो। त्यसकारण वास्तवमा गफका आधारमा, कुराकानीका आधारमा, छलफलका आधारमा एउटा हर्सौं वस्तुका आधारमा कुरा गर्ने जुन विषय वस्तु बनायौं रियलीटिमा हाम्रा हस्पिटलहरु रियलीटिमा हाम्रा म्यान पावर कोभिड १९ यसको रोकथाम र नियन्त्रणका निम्ति कुन हालतमा छ भन्ने कुरा एकचोटि विरामी भएर हाम्रा सरकारी हस्पीटलहरुमा भर्ना भएपछि यसको यथार्थ थाहा हुनेछ। त्यसका निम्ति आलोचनाको रुपमा होइन गम्भिरतापूर्वक ग्रहण गर्नका निम्ति अनुरोध गर्न चाहन्छु । मेरो दोश्रो कुरा छ आज हामी वेरोजगारको सन्दर्भमा छलफल गरिरहेकाछौं । जतिवेला यो प्रस्ताव आएको छ र राष्ट्रिय राजनीति भित्र आमुल परिवर्तन भएको छ । सिङ्गो राष्ट्रका सामु जुन संङ्कट उत्पन्न भएको छ जुन राजनीतिक अस्थिरता पैदा भएको छ नेपाली जनताले ६०१/६०१ जनालाई दुइ दुइ पटक निर्वाचित गरेर पहिलो पटक नेपाली जनताले भोट हालेर पठाएका प्रतिनिधि

मार्फत संसारकै उत्कृष्ट संविधान बनायौं भनेर यही रोष्टममा धेरै पटक बोल्यौं। आज जनताद्धारा निर्वाचित संविधानलाई कार्यकारी प्रमुखको हैसियतले संविधानमै नभएको अधिकारलाई प्रयोग गरेर ताजा जनादेशका नाममा जनभावना विपरित हाम्ले शान्तिका कुरा गर्यौं, सुशासनका कुरा गर्यौं, समृद्धिका कुरा गर्यौं, विकासका निर्माणका कुरा गर्यौं ५ वर्ष जनताले दिएको म्यान्डेटलाई बालत खोसेर आज प्रतिनिधि सभाको विघटन गरीएको छ। म आज वेरोजगारको सन्दर्भमा गण्डकी प्रेदश भित्र छलफल गरीरहंदा सर्वप्रथम प्रतिनिधि सभाको विघटन प्रति घोर आपत्ति व्यक्त गर्न चाहन्छु भत्सर्ना गर्न चाहन्छु । गण्डकी प्रदेश सिङ्गो राष्ट्रिय संङ्कटका सामु बेरोजगार अन्त्य गर्ने कुनै अचुक औषधी यो प्रदेश सरकारसंग छैन ।हामीसंग वजेट कति छ ? हामीले नीति कार्यक्रममा भनेका छौं हाम्रा प्राथमिकताका आधारहरु तय गरेका छौं । आज पर्यटन गण्डकी प्रदेश समृद्धिको आधार भन्यौं हिसाव गर्नोस पर्यटन मन्त्रालयभित्र हाम्रो वजेट कति छ ? हामी सवै मन्त्रालयको फेहरिस्त हेरौं। आज हामीले झण्डा हल्लाएर गाउंगाउं टोलटोल जांदा जनताले हामीलाई हेर्ने दृष्टिकोण के छ ? म यो मञ्चमा उभिएको म एउटा जनताबाट निर्वाचित प्रतिनिधि आदरणीय जनसमुदायहरु तपाईहरुको बेरोजगारी समस्याका निम्ति म जिम्मेवार छु। मेरो सरकार जिम्मेवार छ। हामीले यति मान्छेलाई  बेरोजगारीलाई रोजगारी दियौं। चाहे खाडि मुलुकबाट आउने हुन चाहे स्वदेश भित्र हुन हामीसंग कुनै त्यस्तो आधार छैन। हामीले वास्तवमा एउटा ट्रेडिशनल कोर्सबाट केहि विकास निर्माणका कामहरु गरे हौंला केही पुल हाले हौंला केहि झोलुङ्गे

पुल हाले हौंला केहि खानेपानीमा बजेटहरु विनियोजन गरे हौंला बास्तवमा हामी जनप्रतिनिधि भन्नका निम्ति हामी सरकारी श्रोत र साधनलाई झण्डा हालेर टोलटोलमा जानका निम्ति लाज मान्न पर्ने स्थिति बनेको छ। किनभने शान्ति दिन्छौं, समृद्धि दिन्छौं, सुशासन दिन्छौं, विकास दिन्छौं आदरणीय जनसमुदायहरु हामी राजनीतिक अस्थिरताका निम्ति कम्युनिष्ट पार्टिको एकता गरेर आएका छौं । ढुक्क हुनोस यहि कुरा बोल्यौं । आज ताजा जनादेशको कुरा गरेर प्रतिनिधि सभा विघटन जस्तो कुकर्मलाई हामी माननीय सांसदहरु हामी जन प्रतिनिधिहरु हामीसंग आलोचनात्मक चेत हुनुपर्छकी पर्दैन ? हामीले ठिकलाई ठिक बेठिकलाई बेठिक भन्न पर्छकी पर्दैन ? नागरिक समाजले मुर्दावाद गरिराछ बेठिक गर्यो भनिराछ। पूर्व न्यायाधिशहरु बेठिक गर्यो भनिरहनु भाछ। सवै मिडियकर्मीहरु गलत भो भनिरनु भाछ। कालो कोट लाउने वकिलहरु सव यो संविधान वर्खिलाप गर्ने काम भयो भनिरनु भाछ । यसका निम्ति कुनै वकिल चाहिंदैन। धारा ७६ लाई सरर वाचन गर्यो भने पुग्छ । अरु सवै कुरा गर्नोस पार्टि दुइटा बनाउन मन लागे चारवटा बनाउन मन लागे बनाउनुस मेरो कुनै आपत्ति छैन। जुन दिन पार्टि रोज्न मन लाग्छ म रोजौंला यो नागरिक स्वतन्त्रताको कुरा हो । त्यसमा म पनि स्वतन्त्र छु । तर प्रतिनिधि सभा विघटन गरेर ६२/६३ सालका आन्दोलनका ऐतिहासिक उपलव्धीहरुलाई कमजोर पार्ने मेरो आदरणीय मुख्यमन्त्री म अन्त्य गर्न चाहन्छु वहांले संघीयताको बारेमा लोकतन्त्रको बारेमा गणतन्त्रको बारेमा यो रोष्टममा धेरै ढङ्गले केन्द्रिय सरकारले गरेका कुकर्मका बारेमा उठाउनु भो । यो मानेमा

मैले धेरै पटक श्रद्धा गरें । फेरी पनि मलाई लाग्छ प्रतिनिधि सभाका पूर्व सभामुखहरु समेत आफुले एक वर्ष पहिला बोलेका वाक्यहरुमा अडिन सक्नु भएको छैन । मेरो आदरणीय मुख्यमन्त्री आज मैले सुनिरहेको छु यो विषयमा अडिन सक्नु भएको छैन । मेरो भन्नु केहि छैन । कम्तिमा प्रतिनिधि सभा विघटन गर्ने कुराले नेपालको राजनीतिमा अस्थिरता निम्त्याउने छ । संघीय लोकतान्त्रीक गणतन्त्र धरापमा पर्ने छ । मैले यहि मञ्चबाट भन्न चाहन्छु । हुंदाखांदाको दुइ तिहाइ बहुमतको संसदलाई विघटन गरेर त्यहां एउटा वजेट फेल भएको थियो ? नीति कार्यक्रम फेल भएको थियो ? कुनै विधेयक फेल भएको थियो ? केहि छैन । पार्टि भित्र किचकिच भो किचकिच कुन पार्टिमा किचकिच छैन ? नेपाली कांग्रेस भित्र फरक मत छैन ? अन्तर विरोध छैन ? अब तपाइहरुले बनाउन लागेको पार्टिमा पनि अन्तरविरोध हुनेछ । किचकिच नहोस । किचकिच हुन्छ । हामी कम्युनिष्ट पार्टिका नेता कार्यकर्ताहरु पार्टि भित्रका अन्तरविरोधका सम्वन्धमा हामी मार्कसवादलाई द्धन्दबादलाई सहि ढङ्गले बुझ्दै र कार्यकर्ताको हैसियतले हामी धेरै भुक्तभोगी छौं । फेरी पनि समस्या पार्टिभित्र आउंछन यी कुरालाई समाधान गर्ने व्यापकतम छलफल गर्ने अवसरको समुचित व्यवस्थापन गर्ने र मुलुकलाई स्थायी शान्ति दिने समृद्धितिर लैजाने। हामी रोजगारका कुरा गरिरहेका छौं । गण्डकी प्रदेश सरकारले मात्रै रोजगारी दिन सक्छ ? ५ वर्षमा हुने चुनाव ३ वर्षमा झारेर पटापट ५०/५० अर्व खर्च हुने निर्वाचन अझ जनादेशको कुरा गर्दैं छौं लोकतन्त्र । के लोकतन्त्रको कुरा ३।३ वर्षमा निर्वाचन हो ? हामीले यो

संविधानमा २०४७ सालको संविधानका वेफाइदाहरु ५१ सालको मध्यावधि निर्वाचन त्यसपछिको मध्यावधि निर्वाचन लगायतका ५९असोज १८ लगायतका सवै घटनाहरुबाट भुक्तभोगी भएर यलाई हामी सुधारिएको संसदीय व्यवस्था भन्यौं । त्यसका पछाडि दुइटा कारण थिए। एउटा कारण २ वर्ष भित्र अविश्वासको प्रस्ताव ल्याउन नपाइने दोश्रो कारण थियो ५ बर्ष भित्र कुनै पनि बहानामा प्रतिनिधि सभा विघटन गर्न नपाइने। यसका निम्ति कमा र फुलस्टप पढनु पर्दैन संविधानको व्याख्या गर्न पर्दैन कुनै कानूनी व्यवसायी चाहिंदैन संविधानको फेहरिस्त पढ्यो भने थाहा हुन्छ। यति महत्वपूर्ण विषयलाई नजर अन्दाज गरेर सिङ्गो राष्ट्रलाई अस्थिरतातिर लैजाने म यहि मञ्चबाट भन्न चाहन्छु । बैशाखमा निर्वाचन भएन भने यो संविधान सुन्यतातिर जानेछ संविधानमा चुनाव हुने कुनै पनि आधार छैन । स्वयं मेरो प्रधानमन्त्रीलाई थाहा छ हुंदाखांदाको दुइतिहाइको प्रधानमन्त्री अव प्रचण्ड र माधव नेपालहरुले मलाई गरि खान दिएनन भनेर वहांले भोट माग्न जांदा जनताले के प्रश्न गर्ने छन ?(सभामुख माननीय सदस्य समय सकियो ) त्यसकारण यस्ता थुप्रै कुराहरु छन। त्यसकारण रोजगारीको सन्दर्भको कुरा गरिरहंदा हामीले स्थायित्वको कुरा गरौं। संविधानको कार्यान्वयनको कुरा गरौं। संघीय लोकतान्त्रीक गणतन्त्रलाई संस्थागत गर्ने कुरा गरौं। प्रदेशलाई संस्थागत गर्ने कुरा गरौं। सुन्दै छु प्रदेशमा पनि कचाकुचुक भयो भने विघटन गर्न सकिन्छ।केहो यो तरिका के हो यो ताल ? यो ढङ्गले गिजाउने शव्द हो रोजगारी तल मैले यो बोलिरहंदा कति आलोचना गरे होलान। (सभामुख

माननीय सदस्य समय सिद्धियो) यति महत्वपूर्ण प्रश्न छ त्यसकारण अन्तिममा संविधानको गोरोत्थान भएको छ । म यो रोष्टमबाट फेरी पनि यसको घोर आपत्ति व्यक्त गर्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री विष्णु प्रसाद लामिछाने समय ९ मिनेट। यसपछि माननीय सदस्य श्री पियारी थापा।

**माननीय विष्णु प्रसाद लामिछानेः-** माननीय सभामुख महोदय, हामी यतिवेला नेपालको संविधानको धारा १८३ को (३) अनुसार विशेष अधिवेशमा छौं। विशेष गरेर प्रदेश सभाको नियमावलीको नियम ७ बमोजिम नियमावली बमोजिम सार्वजनिक विषयको महत्वको विषयमाथि छलफल गरि राखेका छौं। म सवभन्दा पहिला त आजको यो विशेष जरुरी सार्वजनिक महत्वको विषय वेरोजगारीको समस्या माथिको छलफलमा सहभागी हुन अनुमति चाहन्छु। म यसको प्रस्तावक माननीय धनमाया लामाज्युले राखु भएका कुरालाई पूर्ण रुपमा समर्थन गर्दै मेरा केहि भनाईहरु अगाडि बढाउन चाहन्छु। बेरोजगारीको समस्या यतिवेला विकराल बनेको छ। हामी सवैलाई लाग्छ देश समृद्धितिर लाने हो भने देशमा युवाहरुलाई आफ्नै मुलुकमा खपत गर्ने हो भने यहांका युवाहरुलाई यहांका वेरोजगारहरुलाई रोजगारीको व्यवस्था हुन जरुरी छ। नेपालको संविधानको धारा ३३ ले पनि त्यहि कुरा उल्लेख गरेको छ। मौलिक हककै रुपमा। सवै नागरिकलाई रोजगारीको हक हुने भनिएको छ। यसको लागी महत्वपूर्ण

कुरा के हो भने हामीले के गर्यौं भन्ने। गण्डकी प्रदेश सरकारले के गरेको छ भन्ने हो। अघि एकजना विद्धान माननीयज्यूले व्यवस्था गर्याछ सवै व्यवस्था गर्याछ ढुक्क हुनुस भने जसरी आफ्ना अभिव्यक्ति राख्नु भो। हिजोसम्म मलाई पनि त्यहि लागेको थियो। वहांले नीति र कार्यक्रमकै कुरा गर्नु भाको थियो। मलाई पनि यो नीति र कार्यक्रम हेर्दा अब हाम्रो प्रदेशमा खासै बेरोजगारी समस्या होला भन्ने म आफूलाई पनि लागेको थिएन। म आफू पनि ढुक्कै थिएं। अब हाम्रा युवाहरु धेरै युवाहरु विदेशिन पर्दैन विदेशिनै पर्यो भने पनि उनीहरु दक्ष भएर विदेशिने छन । जहां गएर आफ्नो सिप जांगर र क्षमता प्रस्तुत गरेर मुलुकमा रेमिट्यान्स भित्रयाउने छन भन्ने लागेको थियो। यो नीति र कार्यक्रम त्यतिबेलै मैले हेर्या थिए अति खुसी लाथ्यो। यो ४७ को घ ङ र च विशेष गरेर च मा यसको व्याख्या गरिएको छ। मलाई डर त्यहिंनेर हो। सबैभन्दा डर त्यहिंनेर हो। कुरो कहांनेर हो भने हामी कुरा चैं गर्छौं साह्रै मिठामिठा कुरा गर्छौं । सायद हामी नेपालीहरु गर्न भन्दा काम गर्न भन्दा पनि कुरै गर्दा धेरै आनन्द लाग्ने भएर होला हामी कुरा चाहिं मिठामिठै गर्छौं। हाम्रा योजनाहरु पनि थुप्रै हुन्छन। ओहो साँच्चैनै अव त केहि हुन्छकी भन्ने हुन्छ तर समस्या कहांनेर हो भन्दा कार्यान्वयनको पक्षमा हो। यो नीति र कार्यक्रम आएको वजेट आएका पनि यतिका समय भए राज्यले त्यसतर्फ ध्यान दिन जरुरी छैन त ? हामीले जे कुराहरु भनेका थियौं यो नीति र कार्यक्रम र यो वर्षको वजेट भनेको पनि एक वर्षकै लागि हो। यो १ वर्षभित्र हामीले केके गर्छौं भनेर भनेका थियौं त्यो गर्नको लागी कम्तिमा

पनि तयारी त हुनुपर्छ होलानी । सजिलो छ अहिले होइन गर्न त खोजेकै हो । सारा दिल लगाएर मन लगाएरै गर्न खोज्या हो तर के गर्नी यो कोभिडको कारणले केहि गर्नै सकिएन । बडा सजिलो छ । हेक्का रहोस यो नीति र कार्यक्रम कोभिड भन्दा अगाडि आएको होइन ? त्यसलाई पनि मध्यनजर गरेररै ल्याइएको छ तर कम्तिमा पनि म यहांबाट पृथ्वीचोक जानको लागी म यहां वसेर कल्पना गरेर म पुग्दिन त्यहां। म पृथ्वीचोक जांदै छु भनेर कपिको पानामा लेखेर पनि म त्यहां पुग्दिन। म त्यहां पुग्नको लागी मैले हिंडनै पर्छ। मेरा पाइलाहरु चाल्नै पर्छ। अथवा कुनै न कुनै साधन त प्रयोग गर्नै पर्छ। हो जिज्ञासा त्यहिनेर हो। हामीले कागजमा पृथ्वीचोक पुग्दै छौं भनेका छौं। यहां वसेर कल्पान गरेका छौं। त्यो त्यहांसम्म पुग्ने यात्रा तय गरिराका छैनौं। हामीले हाम्रा पाइलाहरु अगाडि बढाइराका छैनौं। हाम्रो डर त्यहिंनेर हो। प्रतिपक्षको डर त्यहिंनेर हो। हामीले गर्ने जिम्मेवारी पनि त्यहिंनेर हो। हामीलाई त्यहिंनेर डर छ। कतै यि हाम्रा कुराहरु हामीलाई हिजो भनेका कुराहरु यिनै कितावका पानाहरुमा मात्रै सिमित नहुन सांच्चैनी रोजगारी दिनीहो भने त्यो किसिमको वातावरण तयार गर्न जरुरी छनी त। अहिले तमाम युवाहरु वेरोजगार भएर बसेका छन। भन्ने गरिन्छनी खाली दिमाग कुन्नी के को घर त्यो परिस्थिति अहिलेको मुलुकको अवस्था गम्भिर छ। परिस्थिति गम्भिर छ। नेपाली जनता निराश बनेको परिस्थिति छ। त्यस्तो वेलामा कुनै पनि कदम चाल्न सक्ने परिस्थिति हुन्छ । हामीले हेक्का राख्नु पर्छ । सरकारले हेक्का राख्नु पर्ने हुन्छ परिस्थिति यस्तैयस्तै वेलामा हो परिस्थितिले अर्को मोड लिने

हामी जिम्मेवार नागरिक भएको कारणले हामी जिम्मेवार जनप्रतिनिधि भएको कारणले ऐन मौकामा सोच्न जरुरी छ । जे पनि हुन सक्छ। युवाहरु खाली बसेका छन । विदेशबाट फर्केका छन। यहि पनि हामीले जे गर्नु पर्ने त्यो गर्न सकेका छैनौं। अनि मान्छेको दिमाग जतापनि जान सक्छ। मुलुक गम्भिर परिस्थितिमा छ त अहिले आफ्नै कारणले हिजो सम्म वडा गर्वका साथ मैले यतातिर जान चाहेको होइन प्रसङ्ग मात्रै जान खोजेको छु । मलाई यतातिर लेनादेना केहि छैन । कुन फुट्यो कुन बच्यो कुन रह्यो कुन गिर्यो त्यसको त हाम्रो सरोकारको विषय पनि छैन अहिले । अहिले हाम्रो सरोकारको विषय जनता सितको हो। परिस्थिति त गम्भिर बन्यो त हिजोसम्मत छाती ठुलो बनाएर हामी दुइ तिहाइको सरकार हामी जे पनि गर्न सक्छौं भन्ने परिस्थिति थियो। अहिले त्यो परिस्थिति त छैनत। निरास बनेका छन नेपाली जनता हामीले जे गरे पनि हुंदोरहेनछ स्थायित्व होला भनेर यो गर्यो हुंदैन होइन मिलिजुली टालीटुली बनाउं भन्दानी हुंदैन । अर्को दिमागतिर नजाओस ती खाली युवाहरु त्यसैले रोजगारीको लागी हामीले व्यवस्था गर्न जरुरी छ। तर त्यो सिर्जना गर्ने भन्या के हो त ? अहिले ठप्प छ । शिक्षा, पर्यटन, निर्माण, उद्योग, यातायात, कलकारखाना, कृषिमा समेत राम्रोसंग त्यो किसानहरुले उत्पादन गर्ने परिस्थिति सिर्जना भाको छैन । त्यो सिर्जना गर्दिने काम त राज्यको होलानी त ? हाम्रो होला सरकारको होलानी त हामी त्यतातिर कत्तिको गाका छौं खांचो त्यहांनेर पर्छ । हामीले भन्यौं त्यतिबेला पनि बडा गर्वकासाथ हाम्ले नीति र कार्यक्रममा हामीले वजेट प्रस्तुत गर्दा पनि बडा

गर्वका साथ भन्यौं हामीलाई पनि लाग्यो सरकारका ती कुराहरु ठिकै होलान वास्तवमा रोजगारी त्यतिकै सिर्जना हुंदैन। अहिले जति विदेशमा गएका छन धेरै युवाहरु अदक्ष कामदारका रुपमा गैराखेका छन। दक्ष कामदार बनाउन जरुरी छ । तीनको लागी सिप र तालिमयुक्त बनाउन जरुरी छैन ? खैत हामिले त्यतातिर ध्यान दिएको। अहिले पनि युवाहरु मात्र हैन हिजो रोजगारी पाएकाहरु पनि अहिले बेरोजगार बनेर बसेको परिस्थिति छ । हामीले कम्तिमा पनि वातावरण त सिर्जना गर्न सक्नु पर्छनी त हामीले त्यो क्षेत्रमा लगानी मैत्री वातावरण बनाउनु पर्दैन । उद्योग कलकारखानातिर निजि क्षेत्रलाई आकर्षित गर्ने परिस्थिति सिर्जना गर्नु पर्दैन ? त्यसैले मैले फेरी पनि भन्छु हामीले कागजी घोडा दौडाउनु भन्दा कागजी पानी जहाजलाई हामी सानो हुंदा त्यहि गर्थ्यौं जहाज बनाउंथ्यौ कागज खोजी र छोड्ने गर्थ्यौं र कागज पानीमा छोडेर मेरो कागज मेरो जहाज धेरै दौडयो भनेर दङ्ग पर्थ्यौं। कागजी जहाज दौडाउने कागजी घोडा चढेर मख्ख पर्ने परिस्थितिको अन्त्य हुनु पर्छ र यो विकराल परिस्थितिमा कसरी रोजगारीको सिर्जना गर्न सकिन्छ कसरी लगानी मैत्री वातावरण बनाउन सकिन्छ कसरी शिक्षा, पर्यटन कृषि, कलकारखाना, उद्योग लगायतको क्षेत्रलाई प्रोत्साहित गर्न सकिन्छ ? किसानलाई कसरी आफू म किसान हुं भन्दा गर्व गर्ने परिस्थिति सिर्जना हुन्छ ? कसरी सानोसानो काम गर्ने व्यक्तिहरुलाई आफ्नो काम प्रति गर्व हुन्छ त्यतातिर त्यो वातावरण बनाउनतिर हामी लागेनौं भनें सरकार लागेन भने परिस्थिति गम्भिर (सभामुख माननीय सदस्य समय सकियो) हुनेछ । जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य श्री पियारी थापा समय ५ मिनेट त्यसपछि माननीय सदस्य श्री मन बहादुर गुरुङ ।

**माननीय पियारी थापाः-** माननीय सभामुख महोदय, आज हामी अत्यन्तै महत्वपूर्ण जरुरी सार्वजनिक प्रस्तावको उपरमा हामी छलफल गर्दै गरिरहेका छौं र यो विषयमा आफ्ना केही भनाइहरु राख्ने अनुमति प्रदान गर्नु भएकोमा सभामुख प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै आफ्ना भनाइहरु राख्ने अनुमति चाहन्छु । बडो तितो उदगरण सहित यो अवस्थामा अत्यन्तै तितो लाग्ने तर यथार्थ उदघोषण सहित आफ्ना केहि भनाइहरु राख्ने अनुमति चाहन्छु। बास्तवमा भन्ने हो भने संसद खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने थलो बनाइएको छ भन्ने विषयको चरितार्थ तत्कालिकन परिवेशले पनि स्पष्ट पारिदिएको दिएको छ । काम गर्ने तिल जत्रो प्रचार गर्ने पहाड जत्रो सामान्य भन्दा सामान्य कामको आडमा गण्डकी प्रदेशको समृद्धिको दिवा सपना देख्न चाहेर यथार्थमा लाग्नेक की हरेक सत्तासिन पार्टिको चुनाव जित्ने एजेण्डा चुनाव जित्ने एजेण्डा बन्यो वेरोजगारी समस्या । यहि चुनाव जित्ने अर्को एजेण्डा बन्यो गरिवि निवारण र यहि अर्को चुनावी एजेण्डा बन्यो पछौटेपनको समाधान तर ती चुनाव एजेण्डा एजेण्डालाई सफलीभुत कार्यान्वयन कहिल्यै पनि बनेन। विडम्वना त्यसले त्यो एजेण्डाले हरेक सत्तासिन पार्टीलाई सत्तामा पुर्यायो। सरकारमा पुर्यायो । तर त्यो मुद्धा चाहिं त्यो एजेण्डा चाहिं कार्यान्वयन हुन सकेन

सफलीभुत त्यसको साथ कहिल्यै पनि सार्थकता पाउन सकेन र फलत त्यो निर्क्रिय बन्दै गैरह्यो। यस्तो अवस्थामा गण्डकी प्रदेशमा पनि यसको यो निरन्तरता रहिरहेको छ त्यस कारणले गर्दाखेरी यो विषयलाई बडो गम्भिरताका साथ प्रदेश सरकारले लिनुपर्छ मेरो सुझाव रहेको छ। यो वास्तवमा भन्ने हो भने गण्डकी प्रदेशमा ५७ परसेन्ट जनसंख्या कुल जनसंख्याको ५७ प्रतिशत आर्थिक रुपले शसक्त जनसंख्या रहेको तथ्य र तथ्याङ्क छ । यसले के जनाउंछ भने कुल जनसंख्याको गण्डकी प्रदेशमा कुल जनसंख्याको करिव आधा भन्दा बढि जनसंख्या आर्थिक रुपले शसक्त जनसंख्या छ। यसले काम पाउने अवस्थाको जनसंख्या छ । काम गर्न सक्ने अवस्थाको जनसंख्या छ । समृद्धि तर्फ लैजान गण्डकी प्रदेशलाई समृद्धि तर्फ लैजानका लागी त्यो खालको योगदान दिन सक्ने योगदानमुखी जनसक्ति छ तर त्यसको सफल कार्यान्वयन नभए सम्म त्यसको सहि परिचालन सहि परिचालन नहुंदासम्म कसरी समृद्धको ढोका खोल्न सक्छ ? गण्डकी प्रदेशको समृद्धिको कसरी ढोका खोल्न सक्छ र यो विषयमा वजेट कार्यान्वयन वास्तवमा भन्ने हो भने वजेट कार्यान्वयन नगरी हामीले अर्को वर्ष त्यसले एउटा सकारात्मक प्रभाव पार्न सक्छ की आकार त्यसको आर्को वर्ष त्यसको वजेटको आकार वढन सक्छ । आकार बृद्धि हुन सक्छ त्यसको भोलुम बढन सक्छ। तर यो श्रमशक्ति जो श्रमशक्ति यो त्यसलाई हामीले संचित गरेर राख्यौं भने त्यसको आकार बढदैन। त्यो अवधि पुग्दासम्म अवधि पुग्दाको खेरिमा त्यो सव निस्क्रय भएर जान्छ । त्यस कारणले गर्दाखेरि जसरी हामीले वजेट कार्यान्वयनमा आनाकानी गर्छौं

त्यसको हामीले अर्को वर्ष फाइदा लिनका लागि आनाकानी गर्छौं तर हामीले त्यो सहन शक्तिले हामिले सहन शक्तिले सिंचित गरेर राख्यैं भने त्यसको विपरित फाइदा हुन्छ त्यसैकारणले गर्दा खेरी ५७ प्रतिशत जनसंख्यालाई रोजगारी दिलाउने सन्दर्भमा गण्डकी प्रदेश सरकारले त्यति ठुलो महत्वपूर्णका कामहरु गर्न सकेको छैन । मेरो तर्फबाट विषेश ध्यान दिनुपर्छ मेरो यो सुझाव रहेको छ। प्रदेश भित्र करिव १५ प्रतिशत रोजगारी खपत गर्ने पर्यटन, होटेल, रेष्टुरा व्यवसाय दयनिय अवस्थामा छ। यस्तो अवस्थामा सरकारले तय गरेको व्यवसायिक सर्भाभिवलको कार्य शसक्त रुपमा गर्न आवश्यक छ। कृषिमा, पर्यटनमा जहां श्रमशक्तिको बढी खपत हुन्छ त्यसमा बजेटको भोलुम अत्यन्तै न्युन छ। त्यहि न्यून वजेट पनि समयमा खर्च हुन सक्दैन । त्यो कार्यान्वयन हुन सक्दैन। यो विडम्वना छ । यसको परिणाम आउंदैन । यो भने श्रमशक्ति खपत गर्ने वैकल्पिक बाटा प्रदेश सरकारका लागि योग्य छ । श्रमशक्ति रोजगारी दिने अर्को बाटो के हुन सक्छ किनभने कृषिमा र पर्यटनमा जुन जहां रोजगारीको बढि सम्भावना छ ति क्षेत्रमा सरकारको वजेटको भोलुम अत्यन्तै कम छ न्यून । सरकारले अर्को कुन बाटो विकल्प देखेको छ होला? त्यो विषय पनि स्पष्ट रुपमा आउन जरुरी छ र यो विषयको पनि म माग गर्न चाहन्छु। प्रदेश स्तरिय आद्योगिक क्षेत्र बनाउने विगत त्यो सपना विगत ३ वर्षदेखि प्रसव वेदनामा रहेको छ र यो प्रदेशका उद्योग ग्रामहरुलाई सहि परिचालन गर्दै नियमन गर्दै धेरै भन्दा धेरै रोजगारीको अवस्था सिर्जना गर्ने थलोले जग्गा पाउंदैन सरकारले आफ्ना नागरिकलाई

रोजगार प्रदान गर्छु भनेर खोल्न लागेको औद्योगिक ग्रामका लागी प्राप्ति हुन सक्दैन । भन्नेले कस्तो सन्देश आम जनसमुदायमा कस्तो खालको सन्देश दिन खोजेको हो ? जग्गा नपाएको यथार्थ होकी काम गर्न नचाहेको, इच्छा शक्ति नभएको होकि भन्ने विषय पनि प्रधान हो। जग्गा पाइएन भन्ने विषयलाई अगाडि ल्याएर सरकारले पव्लिक सिम्प्याथी लिन खोजेको होकी भन्ने मेरो बुझाइ  रहेको छ। तसर्थ यस्ता खालका विडम्वनाहरुलाई अहिले तत्काल रुपमा समाधान गरेर सरकारले यहांका ५७ प्रतिशत जनसंख्यालाई रोजगारी दिने हिसावले त्यो खालको वृहद कार्यक्रम ल्याउनका निमित्त यो प्रस्ताव ल्याइएको छ । यसका लागी विशेष धन्यवाद ज्ञापन गर्दै मेरो आफ्ना भनाइहरु यहिं अन्त्य गर्ने अनुमति चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री मन बहादुर गुरुङ समय ७ मिनेट। त्यसपछि माननीय सदस्य श्री मधु अधिकारी गुरुङ।

**माननीय मन बहादुर गुरुङः-** सभामुख महोदय, हामी आज विशेष अधिवेशनको तेश्रो दिनको छलफलमा छौं। मलाई भन्नु हुन्छ भने यो विशेष अधिवेशन माग गरि राख्नु पर्ने, बोलाई राख्नु पर्ने, बोलाउनु पर्ने परिस्थिति म देख्दिन। नियमित अधिवेशन नजिक-नजिक आइसकेको छ। सरकारले द्रुत गतिका साथ आफ्ना काम अगाडि बढिराखेको छ। तर लोकतन्त्र, गणतन्त्रको सुन्दर पक्ष भनेको यहि रैछ। माननीय ज्यूहरुबाट विशेष अधिवेशनको माग गर्यो भेटघाट भएको छ। छलफल भएको छ

।धन्यवाद छ। यो विशेष अधिवेशनको सफलताको शुभकामना गर्न चाहन्छु र तमु ल्होछार, छठ र नयां वर्षको पनि शुभकामना छ। सभामुख महोदय हामी प्रकृतीले असाध्यै माया गरेको देश यो देशका जनता हामी। त्यसकारणले हामी अल्लि निर्वाह भएको हुनाले साह्रै मेहनत नगरेको पो होकी त्यतिमात्र कहां हो र अझै १२ घण्टा १२ महिनामै ९ महिना हिउं जमेको ठाउं ३ महिना कामको सिजन भएको ठाउंमा काम गर्न जांदा रमाउने हामी। ६०/६५ डिग्रीको तापक्रममा मरुभूमिमा काम गर्न जांदा रमाउने हामी। यो त सत्य होनी। माननीय ज्यूहरुबाट यो रोष्टम सत्य बोल्ने थलो हो भनेको हुनाले म सत्य बोल्दै छु र यो सरकारले यो कुरालाई पनि मध्यनजर गर्यो। स्वदेशमा रोजगारीको सिर्जना कसरी गर्ने ? पर्याप्त मात्रामा अवसर तथा छनौट उपलव्ध नभएसम्म अल्पकालिन रणनीतिक रुपमा वैदेशिक रोजगारीको अवसरलाई प्रयोग गरेको छ। त्यसको लागी श्रम सम्झौता गरिएको छ। श्रम स्वीकृत गरिएको छ। बैंकिङ्ग प्रणाली प्रत्येक प्रदेशमा बैदेशिक रोजगार सेवा कार्यालय स्थापना गरिएको छ। त्यतिमात्र होइन सभामुख महोदय नीजि क्षेत्रलाई राष्ट्रिय तन्त्रको महत्वपूर्ण अङ्गको रुपमा सामेल प्रोत्साहन गरी लगानी मैत्री वातावरण सिर्जना गरेको छ यो सरकारले त्यसैले यसले रोजगार सिर्जना गर्दैन र सभामुख महोदय? सबै स्थानिय तहमा रोजगार सेवा केन्द्र स्थापना गरिएको छ। सवै प्रदेशमा वेरोजगार जनशक्ति र रोजगार सूचना केन्द्र स्थापना गरिएको छ। लक्षित समुहलाई रोजगार प्रदान गर्ने प्रणालीको विकास भएको छ सभामुख महोदय। के यसले बेरोजगारको अन्त्य वा

न्यूनीकरण गर्दैन र सभामुख महोदय ? न्यूनतम ज्याला पुनरावलोकन गरी श्रमिकको तलव ३९ प्रतिशतले बृद्धि गरिएको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत एक आर्थिक वर्षमा न्यूनतम १०० दिनको रोजगारी प्रदान गर्ने व्यवस्था मिलाएको छ सभामुख महोदय । उच्च शिक्षा हासिल गरेका युवालाई व्यवसायमा आकर्षित गर्न शैक्षिक प्रमाणपत्रको धितोमा ५ प्रतिशत व्याजमा ७ लाखसम्म ऋण उपलव्ध गराउने हालिएको छ र अनिवार्य रुपमा विमाको व्यवस्था पनि गरिएको छ सभामुख महोदय। गण्डकी प्रदेश सरकारले ग्रामिण पर्यटन विकासका लागि ३०० होमस्टे स्थापना गरि रोजगारको सिर्जना गरिएको छ सभामुख महोदय। प्रत्येक स्थानिय तहमा मुख्य मन्त्री वातावरण मैत्री कृषि कार्यक्रमले आय आर्जनमा मात्र होइन स्थानिय जनतालाई रोजगार सिर्जना गर्ने काम गरिएको छ। के सांच्चीकै रुपमा भन्नु पर्दा नेपालको प्रत्यक स्थानिय तहमा १५ सय हस्पिटल शिलन्यास भएको छ। प्रत्येक प्रदेशमा ठुला हस्पिटलको शिलन्यास भै सकेको छ के यसले कोभिड १९ लाई मध्यनजर गरेको होइन र ? के यसले वेरोजगारको अन्त्य गर्न खोजिएको होइन र ? के यसले रोजगार सिर्जना गर्न खोजिएको होइन र सभामुख महोदय । प्रत्येक माननीयज्यूहरु निर्वाचन क्षेत्रको रणनितिक क्षेत्र रोज्न पाएको छ । विकासको मुल ढोका त खोलिसकेको छ सभामुख महोदय। प्रत्येक स्थानिय तहमा औद्योगिक ग्रामको स्थापना गर्ने लक्ष्य नीति तथा कार्यक्रममा आइसकेको छ। ५० परसेन्ट त काम भै सकेको छ सभामुख महोदय। यो त सत्य कुरा होनी। योजना ल्याउनु राम्रो कुरा होइन ?

योजना ल्याउन ५० परसेन्ट काम हुनु होइन ? त्यति मात्र होइन सभामुख महोदय। स्थानिय तहमा खेलकुद ग्राम बनाउने लक्ष्य लिएको छ ।प्रत्येक स्थानिय तहमा औद्योगिक ग्राम स्थापना गर्ने लक्ष्यका साथ यो सरकार अगाडि बढि राखेको छ। यो प्रदेशमा के ९१ वटा पुल के काम हुन राखि सकेको छैन ? के त्यति मात्र होइन १९ वटा झोलुङ्गे पुल, स्कुलको विल्डिङ्ग सवै कुरा यो हुन खोजीराखेको छैन के यसले रोजगार सिर्जना गर्दैन सभामुख महोदय ? त्यसकारण म के भन्न चाहन्छु भने यो सरकार द्रुत गतिका साथ जनताको समस्यालाई समाधान गर्नको निमित्त जनतालाई रोजगार दिलाउनको निमित्त अगाडि बढि राखेको छ सभामुख महोदय। तर दुःखका साथ मैले भन्नु पर्छ सभामुख महोदय साथीहरुले धेरै कुराहरु राख्नु भएको छ। यो संविधानको धारा ७६ हेर्नुसन। त्यति मात्र होइन म अनुरोध गर्न चाहन्छु सभामुख महोदय ७६ मात्र होइन संविधानको धारा ८५ पल्टाएर हेरे हुन्थ्यो हजुर भन्ने चाहिं अनुरोध गर्न चाहन्छु सभामुख महोदय । त्यतिमात्र होइन दुःखका साथ मैले भन्नु पर्छ यो संसदीय प्रणाली हो। पार्टिको विधान छुट्टै तरिकाको छ। संसदीय प्रणालीको व्यवस्था छुट्टै भएको हुनाले यो परिस्थिति आउन नहुने हो आयौं अदालतमा विचाराधिन भएको कुरालाई मैले धेरै कोटयाई रहनु पर्ने आवस्यकता ठान्दिन त्यसकारण यो प्रदेश यो सरकार नयां कार्यक्रमका साथ नयां योजनाका साथ नयां ढङ्गले जनताको समस्यालाई समाधान गर्ने कुरामा दृढता साथ अगाडी बढि राखेको छ भन्ने विचार राख्दै यो पूर्ण सफलताको शुभकामना दिंदै आफ्नो भनाइ अन्त्य गर्छु धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री मधु अधिकारी गुरुङ समय ७ मिनेट ।त्यसपछि माननीय सदस्य श्री दोबाटे विश्वकर्मा

**माननीय मधु अधिकारी गुरुङः-** माननीय सभामुख महोदय, गण्डकी प्रदेशको यो विशेष अधिवेशनको माग गरी वेरोजगारी समस्या सम्बन्धमा प्रस्ताव गर्नु हुने माननीय धनमाया लामा पोखेल र समर्थक गर्नुहुने माननीयजीहरुमा सर्वप्रथम म धन्यवाद दिन चाहन्छु। जसले प्रदेशका नागरिक प्रदेश सरकार लगायत सबैलाई प्रदेश सरकार र प्रदेश सरकारले गरेका गतिविधिको विषयमा जान्नको निम्ति र अहिलेको समसामयिक विषयवस्तुमा नागरिकहरुलाई झकझकाउने यो विषय छ। यो असाध्यै महत्व छ भन्ने अनुभूति गरेको छु । माननीय सभामुख ज्यू २४० वर्ष सम्मको निरंकुश राजतन्त्रको अन्त्य गरि नेपालमा संघीय लोकतान्त्रीक गणतन्त्र प्राप्त गर्नको निम्ति बलिदान गर्नु हुने महान सहिद, वेपत्ता,घाइते, अपाङ्ग प्रति म स्मरण गर्न चाहन्छु र अहिले नेपालमा संघीय लोकतान्त्रीक गणतन्त्र स्थापना गरेर निरन्तर जनताको विचमा जो हामीलाई उभ्याउनु भएको छ नेपाली जनता आम जनसमुदायमा म हार्दिक नमन व्यक्त गर्न चाहन्छु। माननीय सभामुख महोदय हाम्रो मुलुक अर्ध सामन्त र अर्ध उपनिवेशिक हो। हामी यो सन्दर्भमा यहां थुप्रै वेरोजगारीका समस्याहरु छन। स्वास्थ्य उपचार देखि बैदेशिक रोजगारीमा जो अहिले नेपालीहरु बार्षिक हजारौं दैनिक हजारौं हजार विदेशिनु परिरहेको अवस्था छ यो

अवस्थालाई न्यूनिकरण गर्नको निम्ति नेपाल सरकार अथवा प्रदेश सरकारको दायित्व हो। आम नेपाली मुख्यत हामीले भन्यौं गण्डकी प्रदेश सम्भावनै सम्भावना भएको प्रदेश हो। यहां बहु भाषि बहुसांस्कृतिक प्राकृतिक रुपले हराभरा छ। विभिन्न जातजातिको बसोबास छ र थुप्रै सम्भावनाहरु छ। अहिले हुंदै गरेका उद्योग, पर्यटन त्यो मात्रै होइन गोर्खाको गोरखकाली रवर उद्योग, नवलपुरको भृकुटी कागज कारखाना लगायतका थुप्रै उद्योगहरु छन। यो उद्योगहरुलाई संचालन गर्न सक्यो भने बास्तवमा गण्डकी प्रदेशका युवाहरुलाई रोजगार सिर्जना गर्न सकिन्छ र बैदेशिक रोजगारबाट पलायन गर्न सकिन्छ र नेपालमै अथवा स्वदेशमै रोजगारी सिर्जना गर्न सकिन्छ। हामीले हिजो भन्दै गयौं हामीले भन्यौं प्रदेशमा पर्यटनसंग जोडन सक्यौं भने राजगारीको सिर्जना गर्न सकिन्छ। कृषिसंग जोडन सक्यौं भने राजगारीको सिर्जना गर्न सकिन्छ। उद्योगसंग जोडन सक्यौं भने राजगारीको सिर्जना गर्न सकिन्छ लगायतका थुप्रै थुप्रै हाम्रा नीति तथा कार्यक्रमहरु बनाउंदै नीति कार्यक्रमहरु पास गर्दै आयौं तर वास्तवमा हाम्रो दृष्टिकोण हामी कति भ्रमित रहछौं कि भन्ने पनि अनुभूति भैराखेको छ। हामीले भनेको समाजवाद उन्मुख आत्मनिर्भर अर्थ निर्माण गर्नु र हाम्रो लक्ष्य उच्च उत्पादन मर्यादित जीवन समावेशी सभ्य न्यायपूर्ण सुशासनयुक्त आधुनिक समाज भएको वेरोजगार मुक्त समृद्ध प्रदेशको परिकल्पना हामीले त्यो उद्देश्य सहित त्यो नीति कार्यक्रममा उल्लेख गर्यौं तर अहिले हाम्रा कोरना भाइरस अथवा कोभिड १९लाई देखाएर कैयन काम कार्वाहीहरु ढिलासुस्ति हुने गरेको छ। यो मुख्यत यो

काम कार्वाहीमा मात्र नभइकन हाम्रा योजना निर्माण गर्ने कुराहरुमा पनि ढिला सुस्ती भएका कारण जति हामीले रोजगार प्राप्त गर्न सकिन्थ्यो तपाईको चाहि सामाजिक विकास मन्त्रालयमा स्वरोजगार कार्यक्रमको निम्ति थुप्रै वजेट विनियोजन गरेको छ। यो विषयमा पनि अलि बढि ध्यान नपुगेको अनुभूति भएको छ। भौतिक पूर्वाधारको क्षेत्रमा गति लिन सकेको छैन। पर्यटन उद्योग व्यापार कृषि लगायतका विषयहरुले गति लिन सकेको छैन। राष्ट्रिय तथा अन्तराष्ट्रिय माग अनुसार दक्ष जनशक्तिको बृद्धि गर्नु र त्यो खालको उत्पादन शक्ति बृद्धि गर्न सकिराखेको स्थिति छैन। सरकार र नीजि क्षेत्र विचको साझेदारी रोजगारी सिर्जना गर्ने र त्यो सम्बन्धमा समन्वय गरी सरकार अगाडि बढन सकिराखेको स्थिति छैन। महिलाको आर्थिक सामाजिक राजनैतिक सांस्कृतिक र शशक्तिकरणको विषयवस्तु वजेटमा आएको छ। तर अहिले प्रदेशको सन्दर्भमा कति प्रतिशत महिलाहरु शशक्तिकरण अथवा रोजगारीमुलक बन्न सके भन्ने कुरामा प्रश्न चिन्ह खडा भएको छ। अल्पसंख्यक, एकल महिला, दलित लगायतका थुप्रै समुदाय अल्पसंख्यक र दुरदराजका वस्तीहरुमा अझै पनि त्यो खालको रोजगारको सिर्जना गर्ने खालको दक्ष जनशक्ति विकास गर्न सकिराखेको छैन। हामीले भनेका थियौं हाम्रो विकास भनेको दुरदराजका वस्तीहरुमा हुनुपर्छ। हाम्रो चेतना भनेको दुरदराजका वस्तीहरुमा हुनुपर्छ । त्यो खालको दुरदराजको वस्तीहरुमा नभएर हाम्रा योजनाहरु, हाम्रा रोजगारहरु हाम्रा दक्ष जनशक्तिको विकास शहर वजारमा हुने गरेको छ । पहुंचवालमा हुने गरेको छ र नातापातामा हुने गरेको छ र राजनैतिक

हिसावले एउटा खालको पूर्वाग्रही ढङ्गले हेर्ने गरिएको छ। तसर्थ दुरदराजका जनताहरु अथवा जनसमुदायहरु अहिले पनि प्रदेश सरकारले गरेका कामहरु के हो भन्ने खालको अनुभूति गर्न पाइराखेको अवस्था छैन। प्रदेशमा कति प्रतिशतले रोजगारी श्रृजना पाए भन्ने खालको पनि अहिले सम्म एउटा खालको तथ्याङ्क सिर्जना गर्न सकिराखेको छैन। यो हिसावले हेर्दाखेरी प्रदेश सरकारले वास्तवमा अहिले गर्दै नगरेको होत भनेर भन्दा पनि एउटा खालको समिक्षा गरेर अगाडि बढन पर्ने अवस्था छ र अन्त्यमा म के भन्न चाहन्छु भने यहां पूर्वबक्ता माननीयहरुले धेरै विषय वस्तु राख्नु भयो। २०७७ पुष ५ गते सम्माननीय प्रधानमन्त्रीज्यूले नेपालमा एउटा घटना घटाउनु भको छ संसद विघटन भको छ। म माननीय सभामुख मार्फत यो संसद विघटन अलोकतान्त्रीक छ अराजनैतिक छ, असंवैधानिक छ, गैर कानूनी छ र आज हामी नेपाली जनताको अधिकार माथि कुन्ठित भएको छ तसर्थ प्रदेश सरकार पनि भङ्ग गर्ने र आफू बसेको कुर्सी पनि भांच्ने र अरुलाई पनि बस्न नदिने र प्रदेश सरकार पनि सिद्धयाउने यसले के देखाउंछ भने संघीयता खारेज गर्ने र नेपाल र नेपाली माथि कु गर्ने यो खालको चाहिं विषय आइराखेको छ तसर्थ यसलाई आत्म समिक्षा गरेर (सभामुख माननीय सदस्य समय सकियो) आत्म समिक्षा गरि पुन यो संसद पुनर्स्थापना होस भन्ने विषय राख्दै आगामी दिनहरुमा बन्ने कार्यक्रमहरु वास्तवमा रोजगारमुलक होस भन्ने शुभकामना दिंदै विदा हुन्छु। हस्त नमस्कार ।

**माननीय सभामुख**

माननीय सदस्य श्री दोबाटे विश्वकर्मा समय ८ मिनेट त्यसपछि माननीय सदस्य श्री सावित्रा राना ।

**माननीय दोबाटे विश्वकर्माः-** माननीय सभामुखज्यू, अहिले हामी विषेश अधिवेशनको सन्दर्भमा जसरी नेपाली कांग्रेस र जनता समाज पार्टिद्धारा माग गरे बमोजिम हामी विषेश अधिवेशन मार्फत जरुरी सार्वजनिक सूचनाका सन्दर्भमा हामी छलफलमा जुटेका छौं । यस सन्दर्भमा प्रस्तावक माननीय धनमाया पोखलज्यूले प्रस्तुत गर्नु भएको विषय प्रति समर्थन जनाउंदै मेरा आफ्ना भनाइहरु केही राख्न चाहन्छु। माननीय सभामुखज्यू यो विषयमा प्रवेश गर्नु भन्दा म थोरै कुराहरु राखेर अगाडि बढन चाहन्छु ।हिजोदेखि माननीयज्यूहरुले मन्त्रीजीहरुले जसरी यहां जवाफ दिनु भाको छ कुराहरु राख्नु भाको छ त्यो विषयमा थोरै राख्न चाहन्छु ।यहां अहिले राष्ट्रिय राजनीतिको पनि कुरा उठेको छ संवैधानिक र असंवैधानिक कुरा यो विषयमा सर्वोच्च अदालतमा विचाराधिनमा रहेको मुद्धा भा कारणले सर्वोच्च अदालतले निश्चय नै न्यायोचित फैसला गर्ला फैसला गरेर अनि त्यसको फैसला जनताले गर्लान अहिले तेलाई धेरै भनि राख्नु पर्ला जस्तो मलाई लाग्दैन र यहां सत्ता पक्षकै माननीयजीहरुले त्यसको विषयमा धेरै आफ्नै मत भिन्नता आको छ त्यो विषयमा म धेरै अगाडि बढन चाहन्न । विशेष गरेर हिजो विकास निर्माणको सन्दर्भमा हामी छलफल गरिरहंदा मलाई आफूलाई अनौठो र अचम्म जस्तो पनि लागेको छ। केही सत्ता पक्षका

माननीयजीहरुले यो विकास निर्माणमा हामी सफलता प्राप्त गर्न सकेनौं भन्नु भाको छ। केही माननीयजीले सम्पूर्ण भाको छ भन्नु भाको छ। तर यो गण्डकी प्रदेशका सांसदहरुको भनाइ केहो जस्तो लाग्छ मलाई भने गण्डकी प्रदेश सांसदले अकासको तारा खसालोस यहां हिरामोति फलाई देओस भन्ने सोचेको छैन होला जस्तो लाग्छ मलाई। बास्तवमा हाम्ले नीति र कार्यक्रममा भाका वजेटलाई इमान्दार पूर्वक कार्यान्वयन होस र तेलाई अगाडि बढाओस भन्नी मात्रै कुरा हो जस्तो मलाई लाग्छ। हिजो माननीयजीले सम्पूर्ण कुरा भाछ भन्नु भयो केहि माननीयजीहरुले हिजो माननीय मन्त्रीजीले के भन्नु भयो भने हामीले यतियति कुरात गर्याछम तर यी कुराहरु कोशिश मात्र गर्या छौं गर्न बांकी छ गर्छौं भन्नु भाको छ त्यसो भको हुनाले कुरा बाझिएको छ। वास्तविक काम भाको रैन्छ भन्ने कुरा तेले प्रमाणित र पुष्ट गर्छ जस्तो मलाई लाग्छ र अर्को कुरा कोभिडको कुरा गरिराख्दा जस्तो हाम्ले १३ वटा बुंदामा हाम्ले एउटा संकल्प प्रस्ताव पास गरेका छम हाम्ले किनभने यी कुराहरु गर्न बांकी नै छ भनेर हाम्ले यलाई सम्पूर्ण राजनीतिक दलले संकल्प प्रस्ताव पास गरेका छौं। आखिरमा काम त भाको रैन्छनीत। काम गर्न बांकी रैछनित तर यहां कोभिडको सम्पूर्ण कुराहरु भयो भनेर हाम्ले चाहिने सदनमा हाम्ले यस्ता खालका झुटा कुरा पनि गर्चम। अर्को कुरा माननीयज्यूले के भन्नु हुन्छ हावामा कुरा गर्ने पनि भन्नु हुन्छ। यो हावा हो कि सत्य हो १३ वटा बुंदामा भएको संकल्प प्रस्ताव हावा होकी सत्य हो र अर्को कुरा धेरै कुराहरुमा यहां मलाई अनौठो लाग्योकी यो सम्वन्धित मन्त्रीजीले जवाफ

दिन पर्ने होकी मुख्यमन्त्रीले जवाफ दिन पर्नी हो त्यो मैले अलि बुझिन। तर मलाई कताकता लाग्यो मुख्यमन्त्री केही दिनको लागी अथवा हिजोको लागी कार्यवाहक जिम्मा दिएर माननीयज्यूहरुलाई त्यो जवाफ दिन लाउन भन्नु भाहोकी भन्ने अनुभूती भाको छ। त्यसकारणले हाम्ले आफ्नो दायरा वा सिमा भन्दा बाहिर गयौं भने त्यहि कति न्यायोचित र हावा कुरालाई त्यसले प्रमाणित गर्छ त्यो कुरा पनि म राख्न चाहन्छु। र अर्को कुरा जसरी यहां यस प्रदेशमा बैदेशिक रोजगारबाट रोजगारी गुमाउनेहरुको संख्या पनि प्रसस्त मात्रमा छ। झण्डैझण्डै यो प्रदेशमा रोजगारी गुमाउनेहरुको संख्या १ लाखको हाराहारीमा भएको अनुभूति भएको छ भने बैदेशिक रोजगारीबाट रोजगारी गुमाउनेहरु ६७ हजार ७ सय जतिको रोजगारी गुमाएर यहां बसेको अवस्था छ तिनलाई कसरी व्यवस्थित गर्ने भन्ने कुरा पनि हाम्ले सोच्न पर्ने होला। झन अरु असम्वन्धित ढङ्गबाट भारी बोक्ने लेवर विभिन्न क्षेत्रमा काम गर्ने मजदुरहरको झण्डै झण्डै ५० हजारबाट १ लाख जतिको हाराहारिमा ती वेरोजगार भाका छन तिन्लाई कसरी व्यवस्था गर्नी अझ उद्योगधन्दा कलकारखाना विभिन्न पर्यटन क्षेत्रमा काम गर्ने मान्छेहरु अप्ठेरोमा परेको परिस्थिति छ तेलाई हाम्ले कसरी व्यवस्थापन गर्नी भन्नी कुरा पनि त्यतिकै जरुरी छ र अर्को कुरा म यहां अर्को पनि म के निवेदन गर्न चाहन्छु भने २०७७ साल जेठ १५ गते सम्माननीय प्रधानमन्त्रीले के काठमाफियाहरुको सल्लाह बमोजिम अधिराज्यभरीका काठहरुको ओसार पसार बन्द गर्दिनु भको छ । आज ८ महिना भैसक्यो ति काठहरु खुल्न नसकेको कुरा। आज हजारौं व्यवसायीहरुको आर्थिक

धारासायी भैरहेको छ भने गण्डकी प्रदेशमा १५ सय जति काठ व्यवसायी उद्योगहरु बन्द भएको अवस्था छ भने ३० हजार जनाले रोजगारी गुमाइरहेको अवस्था छ। यो सन्दर्भमा हाम्ले माननीय मुख्यमन्त्रीज्यूलाई व्यवसायी साथीहरुले हाम्ले राख्यौं कुरा। यो वन संविधानले व्यवस्था गरे अनुसार प्रेदेशका अधिकार क्षेत्रका पर्नी भएका कारणले यलाई खुलाएर यसको व्यवस्थापन गर्न पर्यो भनेर हाम्ले अनुरोध गर्यौं ।त्यस कुरामा माननीय मुख्यमन्त्रीज्यूले कुनै चासोको विषय बनाउनु भएको छैन। त्यसकारणले हाम्ले भन्न चाहेको कुरा के हो भने यो सरकारले कामै गरेन भनेर भनेको पनि छैन तर गर्न पर्नी कुरालाई गर्न सकेन भन्ने कुरा हाम्ले राखेको हुं। हिजो मन्त्रीज्यूले भन्नु भाकोछ हामी सुतेर बसेका छैनम भन्नु भो । हामीले पनि सुत्नु भाछ भनेका छैनम तर उठैर कुर्सीमा मात्र बस्नु भो तर आफ्नो गन्तव्यमा पुग्ने कुरामा लाग्न सक्नु भएन भन्ने मात्र हो हाम्ले। त्यस कारणले गर्दाखेरीमा पनि यो विषयमा हामी जुन यो उद्योगहरु बन्द भएर काठ बन्द भएको विषयमा मुख्यमन्त्रीज्यूले किन चासो दिन सक्नु भएन ? किन मुकदर्शक भएर बस्नु भयो यो सरकार बसेको छ यस कारणले गर्दाखेरिमा आज सम्पूर्ण कोरोनाका कारणले अहिले पनि यहां कुरा उठ्यो जो कोरोनाबाट संङ्कट हुनी साथीहरु हुनुहुन्छ नागरिकहरु हुनुहुन्छ वहांहरुले हामीले टेलिफोन गर्दा के भन्नु भाको थियो भने यसबाट सतर्क हुनुहोला। यदि सतर्क भएर बस्न सक्नु भएन भने संक्रमित हुनु भयो भने तपाइहरु हस्पिटल नआउनु होला भनेर रोएर फोन गरेको अवस्था छ। त्यसकारणले हाम्ले हस्पिटलमा कसरी व्यवस्थित बनाउन सक्यौ ?

त्यसकारणले हाम्ले भन्दाखेरीमा सवै व्यवस्थित भाको छ भन्छम तर यो अझ १३ वटा बुंदामा बांकी रहेछनी त व्यवस्थापन गर्न त्यसकारणले आगामी दिनमा यो सम्पूर्ण कुरा जे संकल्प पास गरेका गरेका छौं आज सार्वजनिक महत्वको विषयमा छलफल गरेर अगाडि बढाएका छम यलाई कार्यान्वयन गरेरै यो प्रदेशको समृद्धि शान्ति र जनतालाई सेवा सुविधा दिने वातावरण सिर्जना गरेर विकास निर्माणका कामहरु अगाडी बढाएर हाम्रा जुन यो नीति र कार्यक्रमले पास गर्याछम त्यसलाई कार्यान्वयन गरेर इमान्दारी ढङ्गबाट पास गर्न पनि यो विशेष अधिवेशन सफलतापूर्वक सफल होस यहि निवेदन गर्दै विदा हुन्छु धन्यवाद।जयनेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य श्री सावित्रा राना समय ७ मिनेट त्यसपछि माननीय सदस्य श्री विनोद केसी।

**माननीय सावित्रा रानाः-** माननीय सभामुख महोदय, विशेष अधिवेशनमा जरुरी सार्वजनिक महत्वको सन्दर्भमा हामी छलफलमा जुटि रहेका छौं। मैले यो छलफलमा जुटिरहंदा सांच्चीकै यथार्थको धरातलमा उभिएर आफुले छलफलमा भाग लिन अनुमति चाहन्छु। सुखी नेपाली र समृद्ध नेपाल समृद्ध प्रदेश र सुखी जनता बनाउने लक्ष्य र उद्देश्य सवै तहका सरकारको रहेको छ। यसै अनुरुपका निम्ति नीति कार्यक्रम पनि बनेका छन। बेरोजगारी समस्या चुनौतीको रुपमा रहेको छ। विश्वव्यापी महामारी कोरोना भाइरसले यो बेरोजगारी समस्यालाई अझ थप जटिलता तर्फ

धकेलिरहेको परिस्थिति पनि छ। गण्डकी प्रदेशमा १५ वर्ष भन्दा माथि उमेर समुहको श्रमशक्ति ३२.५ प्रतिशत, प्रदेशमै नियमित आम्दानी हुने रोजगारीको क्षेत्रमा छन। २३.५% वैदेशिक रोजगारीमा छन त्यसै गरि ३५.० % नियमित आम्दानी नहुने निर्वाहामुखी कृषि र अन्य व्यवसायमा लागेका छन कूल आर्थिक रुपले सक्रिय जनसंख्याको ९% पूर्ण बेरोजगारी अवस्थामा छन। यो तथ्यले भन्छ प्रतिवर्ष श्रम वजारमा ५० हजार व्यक्ति थपिन्छन। यसको व्यवस्थापन गर्नु, नयां रोजागारीको सिर्जना गर्नु, स्थानिय तह, प्रदेश सरकार, केन्द्र सरकार र नीजि क्षेत्रलाई चुनौतीको विषय बनेको छ सभामुख महोदय । वेरोजगारी समस्यालाई मध्यनजर गर्दै रोजगारीको सिर्जना गर्न राज्यको तीनै तहको स्थानिय तह र दुइवटा सरकारका विभिन्न क्षेत्रमा लगानिका योजनाहरु पनि बनेको हामीले पाएका छौं बनाइएको पनि छ। कृषिमा कृषि पशुपंक्षि तथा मत्स्य साना व्यवसायी फर्म स्थापना कार्यक्रम, उन्नत नश्लका पाडा वाच्छी हुर्काउने कार्यक्रम र घांसेवाली श्रोत केन्द्र व्यवस्थापन कार्यक्रम, पशुपंक्षी पकेट विकास कार्यक्रम, मुल्य श्रृङखलामा आधारित उद्योग प्रवद्धन कार्यक्रम, दुग्ध चिस्यान केन्द्र स्थापना कार्यक्रम, कोल्डरुम स्थापना कार्यक्रम, फलफूलमा स्याउ विशेष कार्यक्रम, मुख्यमन्त्री जलवायू मैत्री नुमना कृषि गाउं कार्यक्रम, आलु खेती प्रवर्धन विशेष कार्यक्रम, बांझो जग्गा व्यवसायिक खेती प्रोत्साहन हुने कार्यक्रमहरु कृषि औजारका अनुदान फलफूलका व्यवसायीकरण खेती गर्ने कृषकहरुलाई प्रोत्साहन कार्यक्रमहरु सरकारको वेरोजगारी लक्षित कार्यक्रम रहेको हामिले देखेका छौं। यी सवै कार्यक्रमहरु कार्यान्वयनमा

आउंदा प्रत्यक्ष रुपमा ५० हजार व्यक्तिले काम पाउने छन। अप्रत्यक्ष रुपमा दशौं हजार व्यक्तिले स्वरोजगार कार्यक्रम संचालन गर्ने छन । यो लक्ष्य लिइएको छ सभामुख महोदय। कृषि क्षेत्रबाट वार्षिक १५ हजार व्यक्तिले वार्षिक १०० दिन प्रत्यक्ष र अप्रत्यक्ष रोजगार उपलव्ध हुने अपेक्षा पनि गरिएको छ सभामुख महोदय।व्यवसायिक सिप विकास तालिम मार्फत पनि छोटो र लामो अवधिका व्यवसायिक तालिम मार्फत करिव ५२८१ व्यक्तिलाई स्वरोजगार बनाउने लक्ष्य अनुसारको कार्यक्रम रहेको देखिन्छ सभामुख महोदय । भौतिक पूर्वाधार तर्फका सडक झोलुङ्गे पुल सडक पुलको निर्माण र सिंचाइ पूर्वाधार लगायतका निर्माण नयां भवन निर्माण मर्मत संभार लगायतका विभिन्न काममा करिव १० हजार व्यक्तिले बार्षिक रुपमा १०० दिन बराबरको रोजगारी सिर्जना हुने कार्यक्रम पनि देखिन्छ सभामुख महोदय। यसले पनि बेरोजागरी न्यूनीकरणमा सहयोग पुर्याउने कुरा हामीले अनुमान गर्न सकिन्छ। उद्योग पर्यटन वन तथा बातावरण होमस्टे कार्यक्रम सामुदायिक वन विकास कार्यक्रम, पर्यटन पूर्वाधार विकास कार्यक्रम, घरेलु तथा साना उद्योग कार्यक्रम लगायतका कार्यक्रममा ९००० व्यक्तिलाई प्रत्यक्ष अप्रत्यक्ष रुपमा १०० दिन बराबरको रोजगार उपलव्ध हुने कार्यक्रमहरु पनि हामीले पाएका छौ सभामुख महोदय। यी कार्यक्रमकै पृष्टभूमीले देखाएको छ । प्रदेश सरकारले संचालन गर्न लागेको व्यवसाय जीवन रक्षा कोष लगानीबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा ५/५ हजार व्यक्ति रोजगार बन्ने अनुमान देखिन्छ सभामुख महोदय। संघीय सरकारको प्रधानमन्त्री स्वरोजगार

कार्यक्रमबाट गण्डकी प्रदेशमा ५००० व्यक्तिले १०० दिन बराबरको २५हजार व्यक्तिले १०० दिन बराबरको रोजगार पाउने कार्यक्रम रहेको पनि देखिन्छ सभामुख महोदय । प्रदेश सरकारले संचालन गर्न खोजिएका सबै कार्यक्रम संचालन हुंदा प्रत्यक्ष र अप्रत्यक्ष गरी कुल ५४ हजार व्यक्तिलाई वार्षिक १०० दिन बराबरको रोजगारी सिर्जना हुने देखिन्छ यसको अलावा स्थानिय तहले गर्ने लगानी, नेपाल सरकारले गर्ने लगानी नीजि क्षेत्रले गर्ने लगानीबाट स्वरोजगारका अवसरहरु सिर्जना हुनेछन। प्रसारण तथा रोजगारका विषय विस्तारै समाधान हुनेछन भन्ने विश्वास गर्ने आधारको रुपमा हामीले यी कार्यक्रमहरु पाएका छौं सभामुख महोदय। यी उल्लेखित कार्यक्रमहरु रहेका छन यी कार्यक्रम कार्यान्वयनमा सरकारले द्रुत गति लिन सकोस मेरो शुभकामना र सुभेच्छा पनि छ यी कार्यक्रम संचालनमा सरकारलाई सफलता मिलोस हाम्रो साथ र सहयोग रहने छ यी शुभकामना व्यक्त गर्न चाहन्छु सभामुख महोदय। यति कुरा गरिसकेपछि मैले यहां उठेका विषय वस्तुहरुतिर मेरो थोरै ध्यान केन्द्रित भएको छ। हामीले यहां प्रधानमन्त्रीले चालेका कदमका बारेमा संवैधानिक र असंवैधानिक विषयवस्तुहरु यहां ओकलेका छौं। यो अदालतमा विचाराधिन रहेको विषयबस्तुलाई अदालतनै निर्कयोल गर्ने छ। हामीले त्यसलाई यहां त्यतिधेरै उचालि राख्नु पर्छ भन्ने लाग्दैन। कुनै एउटा बहुमतको सरकारले आफूलाई काम गर्न अवरोध सिर्जना भयो भनेर जनताको विचमा गएर आफूले त्यो जनताको अभिमत फेरी प्राप्त गरेर पाउन सकेभनें म जनताको अदालतमा गएर नै मैले सजायको भागी भोग्नु पर्छ भनी त्यही भोग्न तयार

छु भनेर जुन यो जनताको सरकारको प्रतिनिधित्व गर्ने प्रधानमन्त्रीले आफूलाई तयार गरेर निर्वाचनमा निर्वाचनको कार्यक्रम अगाडि ल्याउनु भाको छ यो कुनै पनि हालतमा अलोकतान्त्रिक हुन सक्दैन। यस अर्थ मैले यसलाई हामीले लोकतान्त्रिक अभ्यासको रुपमा लिनु पर्छ भन्ने कुरा यहांहरुको विचमा राख्दै मैले यी विषयवस्तुहरुको सन्दर्भमा यति कुरा गरेर मेरा आफ्ना भनाइहरु अन्त गर्दछु धन्यवाद । नमस्कार ।

**माननीय सभामुख**

माननीय सदस्य विनोद के.सी. समय ६ मिनेट त्यसपछि माननीय सदस्य श्री मिना गुरुङ ।

**माननीय सदस्य विनोद के.सी.-** सभामुख महोदय आज हाम्रो गण्डकी प्रदेशको यो विशेष अधिवेशनमा छौं र यो विशेष अधिवेशनमा विशेषत यो सार्वजनिक महत्वको विषयमा कोभिड १९ को कारणले रोजगारको रुपमा पर्न गएको असरमा जुन प्रस्ताव माननीय धनमाया लामा र समर्थक माननीय हरिशरण आचार्यले प्रस्तुत गर्नु भएको रैछ । यो यतिवेलाको अति सान्दर्भिक र अहिलेको अति आवश्यक चिज यहां प्रस्तुत भएको रैछ यसमा म वहांहरुलाई धन्यवाद दिन चाहन्छु र केही कुरा यहां कुरा राख्नु भन्दा अगाडि हामी कम्युनिष्ट पार्टीको तत्कालिन गठबन्धनको रुपमा अगाडी बढ्यौं। चुनावमा हामी एउटा अभियानमा लाग्यौं । त्यतिवेला हाम्ले सुखी नेपाली समृद्ध नेपाल बनाउनको लागी विगतको कुराहरु स्मरण गर्यौं ।जुन विगतको कुराहरुमा विगतका सरकारहरु फेल भए विगतका सरकार स्थिर

भएका कारणले काम गर्न सक्नु भएन । विगतमा आफ्नै सरकार आफै ढाल्ने जस्ता कामहरु त्यतिवेला गरिए । यी जनभावना जनइच्छा सम्बन्धित थिएनन तसर्थ हामी एउटा स्थिर सरकार दिनको लागी हामी अगाडि बढ्छौं भन्ने एउटा प्रतिवद्धता सहित विभिन्न हाम्रा घोषणा पत्र जारी गरेका हौं । त्यसमा एउटा महत्वपूर्ण विषय यो युवा स्वरोजगार भन्ने थियो । त्यसमा हामीले भनेका थियौंकी विशेषत गरि हाम्रो युवाहरु विदेशमा गएर रगत र पसिना जसरी चुहाएका छन त्यसले राम्रो उन्नती प्रगति हुन सकेको छैन । देशलाई समृद्धिको बाटोमा लान सकेको छैन हाम्रा युवाहरुलाई हाम्रै देशमा फर्काउंछौं र स्वरोजगारका रुपमा गर्दौं भन्ने हाम्रो एउटा प्रमुख घोषणापत्रको एउटा मान्यता पनि थियो । त्यसअनुरुप संघीय सरकारले आफ्नो नीति तथा कार्यक्रम लिएको थियो र त्यसरी त्यहि सवैबाट पास भएको थियो त्यसैमा रहेर गण्डकी प्रदेशमा पनि त्यसै खालका नीति र कार्यक्रम थिए र हामिले एक मतका साथ पास गर्दै सरकारलाई हामीले सहयोग गर्दै आएका थियौं र कार्यक्रम गर्दै आएका थियौं । विचमा कोभिड १९ यस्तो खालको असहज परिस्थितिमा आयो हाम्रो गण्डकी प्रदेश देशमा नै तरंङ्गित हुने गरी जुन खालको परिस्थिति बन्यो त्यसमानी सामना गर्दै सरकारले आफ्नो सक्दो काम गर्ने क्रममा अगाडि बढदै थियो केही गुनासाहरु गर्दै थिए ती आफ्ना ठाउंमा छन । तर विडम्बना भन्नु पर्छ एउटा दुःखका साथ भन्नु पर्छ यस्तो परिस्थितिमा आफ्ना जन प्रतिनिधिहरुलाई कांधमा राखेर आफ्ना जनप्रतिनिधिहरुको जनताको भावना सहित अगाडि बढने ठाउंमा त्यो चीजलाई तोडदै एकाएक जसरी यो संसदै

विघटन गर्ने गरी यो जनताको विचार थलो राख्ने ठाउं विघटन गर्ने गरि जसरी सरकारले एउटा असंवैधानिक कदम चाल्यो त्यसमा हामी आश्चर्य पर्यौं हामी चकित पर्यौं। हामीले यसलाई कुनै खालको रुपमा भर्तस्ना गर्ने ठाउंनै नपाउने स्थिति बन्यो र त्यो हुंदाहुदैं पनि विशेषत गरी यो गण्डकी प्रदेशमा पनि आफ्नो सरकारले काम गरिराखेको अवस्था थियो। सवै हिसावले गरिराखेकै नै छ। त्यसमा मैले धेरै कुरा कोट्याउन चाहंदिन। यो विशेष अधिवेशन जसरी डाकियो र हामी सवैको प्रतिनिधित्व गर्दै माननीय मुख्यमन्त्रीले अस्ती जसरी सम्बोधन गर्नु भयो र त्यो सम्बोधन गर्ने क्रममा जुन प्रधानमन्त्रीज्यूले जसरी यो जो कदमलाई ठिक थियो जनताको चाहना थियो भावना थियो यो जनतासंग जाने कुरा नराम्रो होइन भनेर जसरी तर्कहरुमा माननीय मुख्यमन्त्री लगायत धेरै माननीयहरु यहां तर्क सुन्नमा आयो र यले म कसरी आश्चर्य भएं भने हामि चुनावबाट भाग्ने हामी जनताबाट भाग्ने मान्छे त होइनौं। जनताले नै हामीलाई पांचवर्षका लागी काम गर्ने पांच वर्षको अवसर दिएको जनताले दिएको म्यान्डेटलाई हामीले फालेर फेरी जनतामा जान्छु भन्ने कहांतकको हास्यास्पद कुरा त्यसलाई सम्झिंदा म आफैमा आश्चर्यचकित बनेको छु।यो भन्दै गर्दा मलाई सानो एउटा कहानी याद आयो । एउटा घरमा एउटा बच्चा आफ्नो आमासंग संगसंगै रैछ आमालाई एउटा सानो सियोको खांचो पर्यो र उसले त्यो कतै वाहिर गएर खोज्दै गर्दा छिमेकीको घरबाट छिमेकीसंग नसोधी स्वांट्ट चोरेर र सियो लिएर आमालाई दियो र ती आमाले खुसी हुनुभयो मलाई चाहिएको कुरा मेरो छोराले ल्यायो भन्यो त्यो भावना यति खुसी बन्यो त्यो वच्चा यति

खुसी भयो कि मैले राम्रो काम गरेको रहेछु भन्नी पर्यो भोलिपल्ट उसले छिमेकीको अर्को आमालाई अर्को सामान चोर्यो अथवा अर्को मान्छेको अर्को सामान चोर्यो आमाले तेलाई जहिले पनि धन्यवाद स्यावासी मात्रै दिंदै जानुभो र उसमा यस्तो खालको भावना पैदा गरिदियो मैले जे काम गरे ठिक काम गरें भन्ने उले धेरै काम गर्दै गयो र अनैतिक काम गर्दै गयो फलस्वरुप राज्यले उसलाई पुरै कामहरु र विगतका कमजोरहरुलाई लिएर अदालतमा उभ्यायो र अदालतमा उभ्याइ सकेपछि सबै कुरा प्रमाणित गरेसि न्यायाधिशजिले भन्नुभो की यी तिम्ले धेरै गल्ति गरेका कामहरु क्षमा दिने योग्य कामहरु चाहिं रहेनछन तसर्थ तिमिलाई फांसीको चाहिं एउटा चाहिं सजाय चाहिं मैले यहां निश्चित गर्छु भन्नी खालको चाहिं एउटा निर्णय सुनाउनु भयो त्यतिबेला विशेषत गरी त्यो मान्छेलाई त्यो न्यायाधिशले तिम्रो अन्तिम इच्छा के छ भनेर सोध्ने क्रममा उसले फेरी भन्योकी मेरो अन्तिम इच्छा भनेको आमालाई एकशव्द भेटने मेरो चाहना रैछ म आमालाई भैटन दिनोस भनेर उसले अन्तिम इच्छा प्रकट गर्यो र अन्तिम इच्छा प्रकट गर्दा आमाको अगाडि आंखाभरी आंशु गर्दै उले यति विलोना गर्योकी आमा जुन दिन मैले सियो चोरेर तपाइलाई ल्याएको थिएं पहिलो दिन र त्यतिवेला तपाइले गाली गर्देको भए तपाइले मलाई गालामा थप्पड हान्देको भए म झुन्डिने ठाउंमा पुग्ने थिएन त्यस अर्थ म आज जे भको छु यहांको स्यावासी यहांको धन्यवादले गर्दा म यो ठाउंमा पुगें भन्दै आफू आफ्नो ठाउंमा मृत्युको ठाउंमा पुग्यो त्यसै गरी मैले पनि माननीय हाम्रा सांसदहरु माननीय मुख्यमन्त्रीहरुलाई पनि कहिंकतै हाम्ले प्रधानमन्त्रीले गरेका गलत

कामलाई हाम्ले स्यावासी धन्यावाद दिंदै जांदा गर्दा उही प्रधानमन्त्री हाम्रा कानून सवै सिद्धिने स्थितिमा पुग्दै गर्दा त्यसको जवाफदेही हामी त हुने हैन भन्ने ठाउंमा चाहिं मैले काहिं कतै कल्पना गरेको छु। भाग्यवश सम्मानीत अदालतमा यो विषयले पक्कै पनि जनताको पक्षमा न्यायको पक्षमा एउटा फैसला गर्ने छ भन्ने मैले पुरै विश्वास लिएको छु र त्यसै गरिगरि (माननीय सदस्य समय सिद्धियो) हामीले जे जति चाहिं प्रस्ताव आएका रैछन धेरै नै विषय वस्तुलाई समेटेर यहांहरु माननीयज्यूहरु सरकारले यसमा विमर्श गरेर छलफलका लागी हामीसंग आउंदैछ र हाम्ले रचनात्मक छलफल दिने छौं भन्दै मेरा भनाइ अन्त्य गर्छु धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्य श्री मिना गुरुङ समय ७ मिनेट। त्यसपछि माननीय सदस्य श्री पुष्पा के.सी. भण्डारी ।

**माननीय सदस्य श्री मिना गुरुङः-** माननिय सभामुखज्यू यतिवेला सार्वजनिक विषय चासोमा मलाई बोल्ने अवसर दिनुभएकोमा यो विशेष अधिवेशनमा यहांलाई म विशेष धन्यवाद दिन चाहन्छु। कोरोनाको यो विश्वव्यापी महामारीमा अर्को एउटा महासंकट देखा पर्यो। आम नेपाली सर्वहारा जनताको नेतृत्व गर्छु भनी आएका केही शिर्षथ हाम्रा नेताहरुको हविगत कार्यशैलीले मलाई पनि आज कताकता लाज पनि लागेको छ। के सिकाउंदै हुनुहन्छ आफ्ना कार्यकर्ताह र नयां पुस्तालाई ? आफैले कति संघर्ष गरेर ल्याएको संघीय लोकतान्त्रीक गणतन्त्रमा आफैले यो विधिको

शासन नमान्ने यो कस्तो विडम्वना। निर्वाचित भएर आउनु भएका सम्माननिय प्रधानमन्त्री जसले यो देश र जनताका लागी एकिकरण र एकताको सुयोग्य बाटो देखाउनु भएको छ। त्यो बाटो हामि हिंडन चाहदैनौं। घरभित्रका विवाद र छलफलका विषयलाई बाटोमा पुर्याएर हामी के गर्दै छौं ? वास्तवमा राष्ट्रिय इसु केही त देखिंदैन। अहिले यहां हाम्रा विद्धान माननीयज्यूहरुले धेरै कुरा भन्नु भएको छ मलाई अचम्म लागेर आएको छ। हामी सवै यहां आफैमा न्यायाधिश पनि हौं कि जस्तो गरेर पनि सपैले बोलेको जस्तो पनि मैले व्यक्तिगत रुपमा अनुभुति गरिरहेको छु। अहिले एकमात्र न्याय सम्पादन गर्ने निकाय सर्वोच्च अदालत माथी चौतर्फि आक्रमण भैरहेको छ किन माननीय सभामुखज्यू ? सर्वोच्च अदालतमा विचाराधिन विषयमाथी हामी यसरी दोहोरी खेल्नु पर्ने आवश्यकता छ जस्तो मलाई लाग्दैन।कतै नभएको जात्रा हांडि गाउंमा किन गरी रा हो। हुंदाहुंदा बोल्दाबोल्दा आफ्नो राष्ट्रको सम्माननीय राष्ट्रपतिज्यू प्रति अभिव्यक्त शव्दहरुले ति बाटोमा बोलिएका ति विचारहरुले हामी समस्त विश्वभरिकै महिला प्रति ठुलो अपमान भएको छ माननीय सभामुखज्यू। त्यो शव्दशव्दले हरेक आमाहरुको मुटुमा घाउ बनाएको छ यसले राष्ट्रको कस्तो सम्मान होला नेपाल राष्ट्रको विश्वमा यसले हाम्रो संस्कृति झुक्छकी झुक्दैन यो प्रश्न मेरो यो सम्मानित सभामा माननीय सभामुखज्यूबाट म राख्न चाहन्छु। माननीय सभामुखज्यू, कुनचाहिं संवैधानिक कुनचाहिं गैर असंवैधानिक भन्ने कुराको विषयलाई म अहिले एकातिर पन्छाएर अझै पनि मिलेर जाने ठाउं छ मनलाई संङलो बनाउं र

यी वेरोजगार जनताको व्यवस्था बारे सोचौं न देशमा कोरोनाले यति तहसनहस गर्यो आर्थिक उपार्जनहरु ठप्प भएको छ। यस्तो अवस्थामा कसैलाई दोषारोपण गरेर हाम्रो संविधान कार्यान्वयन हुन सक्दैन। हिजो पनि धेरै युवाहरु यो देशमा रोजगारी नभएकै कारणले बैदेशिक रोजगारीमा जान आफ्नै घरको मिठो पिठो खाएर सिर्जनशिल बन्न चाहने ति नेपालीहरु आफ्नो भविष्यमाथि केहि नयां सपना देखेर विदेश जागिरमा जानु पर्यो। यो अवस्था छ देशको यस्तोवेला हामी भने छिमेकीलाई नै हसाउने गरेर किन यस्ता किसिमका वहसहरु गरिराखेका छौं? हामी सुशासन चाहन्छौं माननीय सभामुखज्यू। आफुले गरेका कार्यहरु सुशासित छ की छैन एक पटक समिक्षा पनि गर्नुपर्ला। आफ्नो बनेको सुन्दर घर भत्काएर छिमेकीलाई तमासा नवनाऔं आजका हाम्रा मुलभुत समस्याहरु प्रति हामी छलफलमा लागौं। कम्युनिष्ट सरकार सर्वहारा वर्गको दिनदुखी निमुखा जनताको पार्टी हो यहां विचार हुन्छ विवाद हुंदैन। यो मेरो विश्वास छ त्यसैले सल्लाह गरि हल्लातिरबाट हामी अव पछि हटन पर्छ शिर्सत आदरणिय नेताज्यूहरुबाट हैन आफूले सिर्जना गरेको आफ्नो घरभित्र बस्नु पर्छ । त्यहिबाट गम्भिर छलफलबाट एउटा निष्कर्श निकाल्नु पर्छ माननीय सभामुखज्यू । समस्याभित्र नै समाधान हुन्छ। आज मुलुकभित्र समस्या गरिवीको स्वास्थ्यको छ भौतिक निर्माणको छ। कोरोनाले जीवन निर्वाहको लागी गरेका काम इलाम पेशा व्यवसायलाई अवरुद्ध गर्यो। नत रुनु नत हास्नु जस्तो अर्ध मुर्छित अवस्थामा जनता पुगेको वेला छ। तर नेताहरु खुरुखुरु अघि बढेको विकासमा किन आरोप लगाएर बाधा बनिरहनु भएको

छ ? पालो विधिवत आफ्नो पनि आउंछ। समय कुर्न नसक्ने यो राजनीति किन गर्छौं? माननीय सभामुखज्यू नेपालको संविधानको धारा ३३ ले रोजगारीको हकलाई मैलिक हकका रुपमा समावेश गरेको छ। सो मैलिक हक कार्यान्वयन गर्न हाम्रो सरकारले सम्माननिय प्रधानमन्त्रीज्यूबाट आह्वान रहेको श्रम ऐन अन्तर्गत योगदानमा आधारित सामाजिक सुरक्षामा सुरक्षित हुन हामीले पाएका छौं जसले श्रमिक वर्गप्रति न्याय गर्छ माननीय सभामुखज्यू। लामो समय काम गरेपछि बुढेसकालमा पेन्सन थापेर सम्मानित भै बांच्न पाउने अवसर पनि अहिले हाम्रो सरकारबाटनै हामीले यो प्राप्त गरेका छौं। रोजगारीको हक सम्वन्धी ऐन २०७५ ले प्रत्येक स्थानिय तहमा रोजगार सेवा केन्द्रको स्थापना गरी वेरोजगारहरुको पहिचान र सुचिकरण गर्ने र रोजगार सेवाकेन्द्रमा सुचिकृत भएकाहरुलाई बेरोजगार व्यक्तिको खोजी गरि न्युनतम १०० दिनको रोजगारी प्रत्याभुत गर्ने व्यवस्था पनि गरेको छ। यसरी न्युनतम रोजगारी प्रदान गर्न नसके नेपाल सरकारले हरेक वेरोजगार परिवारलाई एक जना श्रमिकको १०० दिन काम गर्दा न्यूनतम पारिश्रमिकको ५० प्रतिशत निर्वाह भत्ता दिनु पर्ने सेवा समेत व्यवस्था भएको छ। व्यवस्था भएको छ यसलाई कार्यान्वयन गर्नुपर्छ । यलाई भैसक्यो। गरिसक्यो सफल भयो भन्न खोजेको जस्तो त हामिले छैन। तर यहां बुझाइत  भैसक्यो गरिसक्यो या त मुख्यमन्त्रि बनि हाल्यो भन्ने जस्ता कुरा  आउंदा सुनाइमा अलिकति भिन्नता भएको होकी जस्तो मलाई लाग्छ। माननीय सभामुखज्यू वेरोजगार बन्नुका कारण धेरै छन्। व्यक्तिमा काम सिप जांगर लगानी र लगानीको उपयुक्त बातावरण

मुख्य हुन र हाम्रो जस्तो स्थायी राजनीति नभएको ठाउंमा पनि वेरोजगार बढन सक्छ। अराजकता र असभ्यताले अनुशासनहिन भै मानिसहरु आफ्नो नियमित कर्म गर्न लाग्न पाउंदैनन। माननीय सभामुखज्यू हाम्रो गण्डकी प्रदेशमा सिमित श्रोत साधनको अधिकतम परिचालन गरि प्रदेशको सर्वाङगिण विकास गर्ने स्पष्ट दृष्टिकोण सहित आफ्नो नीति तथा कार्यक्रम अन्तर्गत अघी बढिराखेको बेलामा गुडि राखेको विकासको गाडिलाई पन्चर गर्ने काम कस्ले गरिरहेको छ। मात्र योजना हैन त्यसलाई कार्यान्वयन गर्दै जाने क्रममा कोभिड १९को कारणबाट हाम्रो पर्यटन व्यवसाय, यातायात सेवा, शैक्षिक संस्था र त्यसमा रोजगार गर्ने सवै श्रमिक वर्गमाथि ठुलो समस्या सिर्जना भएको छ। जसलाई थोरै भएपनि राहत प्रदान गर्न हाम्रो प्रदेश सरकारले आफ्नो जनसंख्या भित्रका निरपक्ष गरिविको रेखामुनि रहेका करिव १९.९१ प्रतिशत जनताको सहयोगार्थ विविध कार्यक्रम तथा नीति तर्जुमा गरिनै रहेको छ। माननीय सभामुख महोदय विक्रम सम्वत २०७४ प्रदेश सरकार गठन हुने वित्तिकै प्रदेश सरकारले गरिवि निवारणलाई उच्च प्राथमिकता दिइ घरवास सामुदायिक वन विकास वैज्ञानिक वन व्यवस्थापन पर्यटन प्रवर्द्धन बन आधारित उद्योग नमुना कार्यक्रमहरुले रोजगारी र गरिवीलाई टेवा पुर्याउन लक्ष्य लिएको छ। वार्षिक ४८०० व्यक्तिहरु प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमबाट सिप प्राप्त गरी ३००० व्यक्ति प्रत्यक्ष रोजगारमा लागेका छन। त्यस्तै ५२०० आफ्नै व्यसाय संचालन गरेर(सभामुख माननीय सदस्य समय सकियो) रोजगार बन्ने अनुमान छ। त्यसैले गर्दा माननीय सभामुखज्यू अहिले यतिवेला संघीय

सरकारको प्रधानमन्त्री रोजगार कार्यक्रमबाट थप २५०० एकसय दिनको रोजगारी लाभान्वित भएको कुरा म पनि जोडन चाहन्छु र अन्त्यमा म भन्न चाहन्छु विवादलाई अन्त्य गरी एकजुट भै हामीले जनता र देश प्रति निश्वार्थ भावनाले एकजुट भयो भने आज हामी यो गण्डकी प्रदेश एउटा नमुना देशको रुपमा स्थापित गर्न सक्छौं भन्ने मेरो विचार राख्दै बेरोजगार हटाउनको लागी विचारमा पनि सुद्धता आउन जरुरी छ र हामी सवैमा एकता हुन जरुरी छ यही कुरा राख्दै अहिले म विदा हुन्छु। हवस्त धन्यवाद। नमस्कार ।

**माननीय सभामुख**

माननीय श्री पुष्पा के.सी. भण्डारी समय ७ मिनेट ।

**माननीय पुष्पा के.सी. भण्डारीः**-माननीय सभामुख महोदय, सर्वप्रथम त आज राष्ट्रिय एकता दिवसको शुभकामना टक्रयाउंदछु। अनि आजको छलफलको विषय प्रबेश भन्दा अलग प्रशङ्गलाई छोटो रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु। सभामुख महोदय मुलुकमा देखिएको फरक राजनीतिक माहोलमा सडकमा नारा लगाउंदा सम्मानित राष्ट्रपतिज्यूको गरिमामा आंच पुग्ने गरी प्रयोग भएका शव्दहरु र आफ्नो नेतृत्वमा त्यतिको निम्नस्तरबाट नाराबाजी हुंदा समेत ग्लानी सम्म पनि अनुभुत नगर्ने नेतृत्व पंक्ति प्रति म खेद प्रकट गर्दछु र विषय प्रवेशको अनुमति चाहन्छु। सभामुख महोदय विशेष अधिवेशन आह्वान गरी सार्वजनिक महत्वका विषयमा छलफल हुने क्रममा आज श्रम रोजगार र गरीवी निवारण सम्बन्धमा छलफल गरिरहेका छौं।

यसलाई मैले सकारात्मक रुपमानै लिएकी छु। यो छलफलले सरकारलाई मार्ग प्रशस्त गर्नेछ भन्ने कुरामा पनि म विश्वस्त छु। जहांसम्म गण्डकी प्रदेश सरकारको कुरा छ यसका गतिविधिलाई नियाल्दा गण्डकी प्रदेश सरकार सिस्टम बसाल्न लागी परेको देखिन्छ। योजनाबद्ध विकास सरकारको प्राथमिकता हो भन्ने कुरा प्रदेश नीति तथा योजना आयोगको स्थापना र पंचबर्षिय योजनाको निर्माणले पुष्टि गर्दछ । आज कहां छौं र भोली कहां पुग्ने हो भन्ने कुरा प्रदेश नीति तथा योजना आयोगले तयार पारको आधार पत्र देखि पंचबर्षिय योजना सम्मले स्पष्ट पार्दछ । यसै शिलशिलामा पहिलो पंचबर्षिय योजनामा पहिलो पंचबर्षिय योजना अवधिमा औद्योगिककरणको लागी चाहिने उर्जा र भौतिक पूर्वाधारको विकास हुने र दोश्रो पंच बर्षिय योजना अवधिमा औद्योगिककरण र पर्यटनले गति लिने अनुमान गरिएको छ भनेर उल्लेख छ। प्रदेशमा अहिले जेजति पनि कामहरु भैराखेका छन ती सवैले उद्योग र पर्यटनको लागी आधार हुन। यसै पंचवर्षिय योजनामा हामीले १४.९१ प्रतिशतको गरिवीलाई समाप्त पार्छौं र ९ प्रतिशतको बेरोजगारी पनि हटाइ हाल्छौं पक्कै होइन। तर क्रमिक रुपमा गरीवी र बेरोजगारी न्यूनीकरण गर्दै लैजाने सरकारको नीति रहेको योजनाहरुबाट प्रष्ट हुन्छ। सभामुख महोदय शुरुको वर्ष र त्यसपछिको आधा वर्ष पनि नीति, नियम, ऐन कानून तयार पार्नमा वित्यो जुन जरुरी पनि थियो। त्यसपछि जव कामले गति लिन थाल्यो विश्वव्यापी महामारीले हाम्रो मुलुक पनि आक्रान्त हुन पुग्यो। विकासका गतिविधिलाई गति दिएर समृद्धि उन्मुख हुने वेलामा कोभिडले ज्यान जोगाउन र प्राण

धान्ने मेसो मिलाउनमानै सरकारले आफ्नो सम्पूर्ण उर्जा खर्च गर्नु पर्यो। समयमानै गरिएको लकडाउन र समयमै खुकुलो गरिएको लकडाउनले प्रदेशको प्रगति माइनसमा जान पाएन। चाहे २.२९ प्रतिशत नै किन नहोस त्यो प्रगतिनै हो । तर यो ठुलो हर्षको विषय भने होइन। सभामुख महोदय कोभिडले कुनै पनि क्षेत्र अछुतो छोडेन सवैभन्दा बढि असरत मजदुरहरुलाई पार्यो। जो दिनदिनै काम गरेर पेट भर्ने गर्दथे। कृषि, उद्योग, निर्माण, यातायात र पर्यटन गरी यस प्रदेशमा लगभग १ लाख मजुदुरहरु रहेको अनुमान छ। त्यो वर्गले यसवेला रोजगारी गुमाउनु पर्यो र सरकार र संघ संस्थालले उपलव्ध गराएको राहतमा जीवन धान्नु पर्यो। तर त्यो वेला जनताले प्रदेशमा सरकार भएको महसूस गरेका थिए। अहिले विकासका कामले गति लिन थालेका छन यद्यपी यो दिनसम्म आइपुग्न नीजिस्तर र नीजिस्तरमा कार्यरत कामदारहरुलाई धेरै कठिन भयो। संस्थाका संचालकहरुले संस्था बचाउन तलव आधा दिने देखि कामदार हटाउने सम्म पनि गर्नु भयो। कत्तिको सटरहरुमा ताला लाग्यो । यो सत्य नमिठो छ तर भयो। ज्यान रहे जाहान भने जस्तै त्यो वेला त्यसरी बांचेकाले आज कोभिड परास्तनै भएको छ । प्रदेशको २४ लाख ३ हजार ७५७ जनसंख्यामा आर्थिक रुपले सक्रिय जनसंख्या १८ लाख ६८ हजार जुन ९ प्रतिशत अर्थात ६० हजार जना व्यक्ति वेरोजगार छन भनेर तथ्याङ्कले भनिरहंदा प्रदेशको मन्त्रालयहरुले प्रस्तुत गरेका रोजगारी सिर्जनाका तथ्याङ्कलाई हेर्दा कृषि, सामाजिक र वन पर्यटन मन्त्रालयले सिर्जना गरेको रोजगारी २४ हजार भन्दा माथि र भौतिक मन्त्रालयको

निर्माणमा संलग्न मजदुर,ल कर्मचारी प्राय असंगठित मजदुरहरु हुने हुनाले अनुमान गरिएको छ ।४००० भन्दा माथिनै अनुमान गरिएको पाइयो। यस्तो विषम परिस्थितिमा पनि मन्त्रालयहरुका काम कार्यवाहीबाट त्यतिको रोजगारी सिर्जना हुनुलाई निरासाजनक मान्न हुंदैन भने नयां जनशक्ति प्रति वर्ष तयार हुने पनि स्मरणीय छ। यी प्रदेश यो यसको साथमा यो प्रदेशको अधिकांश युवाहरु बैदेशिक रोजगारमा पनि उत्तिकै संलग्न रहेको अवस्थामा कृषि, उद्योग, पर्यटनमा स्वरोजगारको सुनिश्चितता गरि त्यो युवा जनशक्तिलाई स्वदेशको समृद्धिमा आवद्ध गर्नुपर्ने पनि उत्तिकै आवश्यक छ। व्यवसायी त्यसको साथमा जनजीवन सामान्य हुन लागेको अवस्थामा म स्वयंलले पनि स्थानिय कृषक, व्यवसायीसंग होस या हाइवेका होटल पसलका व्यक्तिहरुसंग होस बातचित गरि सोधपुछ गर्दा जीवनले गति लिन लागेको वताउनु भएको छ। उद्योगधन्दा, व्यापार व्यवसाय यातायात सवैतिर निरन्तरता आउन थालेको छ भन्नु भएको छ। कोभिडलाई मानिसले जीवनशैली बनाइसकेका छन सरकारले यति गर्न सकेकोमा सरकार बधाईको पात्र छ सभामुख महोदय। स्कूल कलेजहरु संचालनमा आइसकेका छन। यातायात चलेको छ । जीवन निरन्तरता पाउन थालेको छ। यो सकारात्मक पक्ष हो। तर थलिएर बल्लबल्ल उठदै गरेको बन्दव्यापार व्यवसाय कृषि उद्योग आदि सवै क्षेत्रलाई सम्वन्धित मन्त्रालयहरुले मिहिन रुपमा पहुंच पुर्याएर उठाउन मद्दत गर्नुपर्छ। सानो टेवाले पनि ठुलो राहत पुग्न सक्छ त्यसलाई ध्यान दिनुपर्छ। साना उद्योग व्यवसायी र साना कृषकलाई सानो सहयोगले पनि उठन ठुलो मद्दत गर्छ।

उनीहरुको पहुंचको लागी सरल बाटो बनाउनु पर्छ। नपढेका या नजान्नेले पनि सरकारी सहयोग पाउन सकुन यसको विधिविधान बनाउनु पर्छ जुन कुरा अझै पनि कठिननै भएको छ। साना उद्योगी या कृषकलाई सरल सम्यमित गर्ने रोजगारी सिर्जनाको पहिलो कुची सावित हुन्छ। यसमा सरकारले ध्यान दिनु पर्छ। सभामुख महोदय जव श्रमको उपयोग शुरु हुन्छ तव रोजगारी शुरु हुन्छ। अझ भनौं रोजगारीको नेटवर्क शुरु हुन्छ। एउटा गाईफर्म नै शुरु हुंदा पनि गाई गाईको दुध दही दुग्धजन्य उत्पादनहरु त्यसको वजार र उपभोक्ताहरुसंग पुगुन्जेलसम्मका जनशक्तिका विविध स्वरुपको परिचालन भैरहेको हुन्छ। एउटा उद्यम शुरु हुंदा थुप्रैले काम पाइरहेको हुन्छ। प्रत्यक्ष र परोक्ष रुपमा। सरकारले यो पंच वर्षिय योजनालाई पंच वर्षिय कार्यक्रमलाई विकासको आधार तयार गर्ने (सभामुख माननीय सदस्य समय सकियो) वर्षको रुपमा अगाडि बढाइरहंदा पनि हरेक काममा श्रम र श्रमिकको उपयोग भैरहेको छ। विकासका गतिविधि अघि बढदा गर्दा ज्यालादारी र करारको रुपमा रोजगारी मिल्ने गर्दछ। गरेकै पनि छ। विकासका संरचनाहरु उद्योग पर्यटन संचालनमा आउंदा (सभामुख माननीय सदस्य समय सकियो) स्थायी विकास हुंदै जान्छ। त्यी व्यवसायको निरन्तरताको निम्ति पनि कोभिडले दुख नदिएको भए अहिले हामि पर्यटन वर्षको सफलता र असफलताको मुल्यांकन गरिरहेको हुने थियौं हाम्रो होमस्टेहरु कति लाभान्वित भए वा कति सेवाप्रदायी हुन सके भनेर मुल्यांकन गरिरहेको हुने थियौं तर त्यो हुन सकेन अव फेरी नयां उर्जाको साथ जनजीवन उठन प्रयास गरेको छ। सरकारले त्यी सवैखाले

उद्योग, व्यवसाय, कृषि (माननीय सदस्य समय सकियो)अझ भनौं रोजगारी दिने आयामहरुलाई साथ दिएर अगाडि बढोस भन्ने शुभकामना सहित मेरो भनाइलाई यहिं विट मार्छु धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्यहरु यो विशेष अधिवेशनमा सबैलाई समयको पावन्दि हुन्छ त्यसलाई विशेष ध्यान दिनु होला । त्यसपछि माननीय सदस्यहरु अव म माननीय सामाजिक विकास मन्त्री श्री नरदेवी पुन मगरलाई जरुरी सार्वजनिक महत्वको प्रस्तावको छलफलको क्रममा उठेका प्रश्नको जवाफ दिन अनुमति दिन्छु ।

**माननीय नरदेवी पुन मगरः-** माननीय सभामुख महोदय, सर्वप्रथम श्रम रोजगार र गरिवी निवारण जस्तो आम नागरिकको प्रत्यक्ष सरोकारको सर्वाधिक महत्वपूर्ण विषय प्राथमिकताका साथ यस सम्मानित सभामा उठान गर्नु हुने माननीय सदस्यज्यूहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु र श्रमशक्ति तथा रोजगार सम्बन्धि सम्बन्धित केहि महत्वपूर्ण तथ्याङ्क प्रस्तुत गर्न चाहन्छु र तथ्याङ्क प्रस्तुत गर्नु भन्दा पहिला तथ्याङ्क प्रस्तुत गर्नु भन्दा पहिला मैले यस प्रदेश सरकारले संचालन गर्न लागेको व्यवसाय जीवन रक्षा कोषको बारेमा धेरै माननीय सदस्यहरुले कुरा उठाउनु भाको छ त्यसैले यो विषयमा म प्रष्ट पार्न चाहन्छु। प्रदेश सरकारले संचालन गर्न लागेका व्यवसाय जीवन कोष रक्षा कोषको बारेमा प्रदेश सरकार मन्त्रिपरिषदले कार्यविधि स्वीकृत गरेर नेपाल बैंकसंग समजदारी पत्रमा

हस्ताक्षर गर्ने क्रममा रहेको कुरा म जानकारी गराउनु चाहन्छु र यसबाट हामिले करिव ५००० रोजगार सिर्जना हुने अनुमान रहेको कुरा म यहांको विचमा राख्न चाहन्छु । गण्डकी प्रदेशमा १५ वर्ष वा सो भन्दा वढि उमेर समूहको आर्थिक रुपले सक्रिय जनसंख्या १८ लाख ६८ हजार रहेको छ। त्यसमध्ये ६ लाख १ हजार ४३४ श्रम शक्ति अर्थात ३२.५ प्रतिशत प्रदेशमै नियमित आम्दानी हुने रोजगारीको क्षेत्रमा लागेको छ। अनुमानित ४ लाख ५१ हजार ७२६ जना श्रमशक्ति अर्थात २३.५ प्रतिशत बैदेशिक रोजगारमा छ। ६ लाख ५४ हजार ८४० श्रमशक्ति अर्थात ३५ प्रतिशत नियमित आम्दानी नहुने निर्वाहमुखि कृषि र अन्य व्यवसायमा लागेको छ र ६० हजार श्रमशक्ति अर्थात कुल आर्थिक रुपले जनशक्तिको ९ प्रतिशत पूर्ण वेरोजगार छ। प्रतिवर्ष श्रम वजारमा करिव ५० हजार व्यक्ति थपिन्छन र नयां रोजगार सिर्जना गर्न स्थानिय तह प्रदेश सरकार,नेपाल सरकार र नीजि क्षेत्रलाई चुनौतीको विषय भएको छ। प्रदेशमै नियमित आम्दानी हुने रोजगारीमा लागेको श्रम शक्ति मध्ये शहरी क्षेत्रमा ३ लाख ८८ हजार र ग्रामीण क्षेत्रमा २ लाख १८ हजार व्यक्ति क्रियाशिल छन यस प्रदेशमा आर्थिक रुपले सक्रिय जनसंख्या मध्ये ६० हजार पूर्ण वेरोजगार रहेका मध्ये ४५ हजार शहरी क्षेत्रमा र १५ हजार ग्रामीण क्षेत्रमा रहेका छन। पूर्ण बेरोजगारको संख्या प्रधानमन्त्री वेरोजगार कार्यक्रममा दर्ता भएका ५८ हजार ८०८ व्यक्तिसंग मिल्दोजुल्दो छ यसरी पूर्ण वेरोजगार दर ९ प्रतिशत छ। शहरी क्षेत्रमा वेरोजगार दर १०.३ प्रतिशत रहेको छ भने ग्रामीण क्षेत्रमा ६.५ प्रतिशत रहेको छ। गण्डकी

प्रदेशको श्रम शक्ति सहभागिता दर ३५.७ प्रतिशत छ। पुरुष सहभागीता दर ४८.८ प्रतिशत छ र महिला सहभागिता दर २६.५ प्रतिशत छ। शहरी क्षेत्रमा यो दर ३९.४ प्रतिशत छ र ग्रामीण क्षेत्रमा ३०.३ प्रतिशत रहेको छ। श्रमको अल्प उपयोग गण्डकी प्रदेशको एउटा मुख्य समस्या हो। हप्तामा ४० घण्टा भन्दा कम समय काम गरेका र थप काम गर्न चाहने व्यक्तिलाई अर्ध वेरोजगार तथा सम्भाव्य श्रम शक्ति मानिन्छ। यस्तो श्रम शक्तिलाई श्रमको अल्प उपयोग भएको अवस्था भनिन्छ। जसको दर ३९.३ प्रतिशत रहेको छ। गण्डकी प्रदेशको श्रम शक्ति मध्ये ३९.७ प्रतिशत औपचारिक क्षेत्रमा ६०.३ प्रतिशत अनौपचारिक क्षेत्रमा गरेको पाइन्छ। त्यसै गरि श्रमिकहरुको औसत मासिक ज्यालादर १८४७६।- रहेको छ सभामुख महोदय प्रदेशको श्रम सहभागिता दर राष्ट्रिय सहभागिकता दर भन्दा थोरै कम रहेको छ। प्रदेशको प्राथमिकता क्षेत्र जस्तै कृषि, वन, मत्स्यपालन र खानी तथा उत्खनन क्षेत्रमा १ लाख ५४ हजार ३४५ व्यक्ति अथवा कुल श्रम शक्तिको १९ प्रतिशत जनशक्ति संलग्न छ। द्धितिय क्षेत्र जस्तै औद्योगिक उत्पादन तथा प्रशोधन, विद्युत, ग्यांस, वाफ, पानी आपूर्ति र निर्माण क्षेत्रमा २ लाख ६ हजार ४३८ व्यक्ति अर्थात सम्पुर्ण श्रम शक्तिको ३४.५ जनशक्ति संलग्न छ। त्यसैगरी सेवा क्षेत्र जस्तै सवारी साधन तथा पार्टपूर्जाको थोक तथा खुद्रा विक्रेता क्षेत्र, यातायात भण्डारण क्षेत्र र खाना गतिविधि सार्वजनिक प्रशासन सुरक्षा तथा अन्य सामाजिक सुरक्षा क्षेत्र, सूचना तथा संचार क्षेत्र, बैंक तथा वित्तिय क्षेत्र, घरजग्गा कारोबार क्षेत्र, व्यवसायिक वैज्ञानिक क्षेत्र, प्राविधिक

क्षेत्र, प्रशासनिक तथा सहयोगी सेवा क्षेत्र, शिक्षा स्वास्थ्य लगायतका सार्वजनिक प्रशासनिक तथा अन्य सामाजिक क्षेत्रमा २ लाख ८० अजार ७ सय ४४ व्यक्ति अर्थात कुल रोजगारको ४६.३ प्रतिशत जनशक्ति संलग्न छ। सभामुख महोदय म अव प्रदेश सरकारले अघि बढाएका रोजगारीका सिर्जना तथा गरिवी निवारण सम्बन्धि महत्वपूर्ण केहि महत्वपूर्ण कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु। प्रदेश सरकारको कृषि तथा पशुपंक्षि तर्फ कृषि पशुपंक्षि तथा मत्स्य सम्बन्धि साना व्यवसायिक फर्म स्थापना कार्यक्रम उन्नत नश्ल पाडा वाच्छि हुर्काउने कार्यक्रम, घांसे वाली श्रोत केन्द्र स्थापना कार्यक्रम, पशुपंक्षि पकेट विकास कार्यक्रम, यान्त्रिकीकरण कार्यक्रम, मुल्यश्रृङखलामा आधारित उद्योग प्रवद्धन कार्यक्रम, दुग्ध चिस्यान केन्द्र स्थापना कार्यक्रम, पशु बध स्थल निर्माण कार्यक्रम, कोल्डरुम स्थापना सह कार्यक्रम, स्याउ विशेष कार्यक्रम, मुख्यमन्त्रि जलवायु मैत्री नमुना कृषि गाउं कार्यक्रम, आलु खेति प्रवद्धन विशेष कार्यक्रम, बांझो जग्गामा व्यवसायिक खेती प्रोत्साहन कार्यक्रम, साना व्यवसायिक कृषि फार्म स्थापना तथा विस्तार कार्यक्रम, मकै तथा मटमास खेति विस्तार प्रवर्द्धन  कार्यक्रम,वीउ उत्पादन कृषकलाई ५० प्रतिशत अनुदानमा वीउ कृषि औजार उपकरण वितरण कार्यक्रम, फलफूल तथा नगदे वाली विरुवा नर्सरी स्थापनामा ५० प्रतिशत अनुदान कार्यक्रम, कोल्डस्टोरमा, रैथाने बाली संरक्षण घरघरमा प्रारङ्गिक मल उत्पादन सह कार्यक्रम, ग्रामिण क्षेत्रमा करेसाबारी तथा घर बगैंचा स्थापना कार्यक्रम, साना सिंचाइ कार्यक्रम, व्यवसायिक फलफूल खेती कार्यक्रम, कृषि यन्त्र

तथा उपकरण अनुदान वितरण कार्यक्रम, स्थानिय कृषि उपज विक्रि केन्द्र स्थापना कार्यक्रम र क्षेत्रफल विस्तारको आधारमा व्यवसायिक तरकारी खेति गर्ने कृषकलाई प्रोत्साहन कार्यक्रमहरु कार्यान्वयन गर्दा प्रत्यक्ष रुपमा ५००० व्यक्तिले काम पाउने छन भने अप्रत्यक्ष रुपमा १० हजार व्यक्तिले स्वरोजगार कार्यक्रम संचालन गर्ने छन यस क्षेत्रबाट वार्षिक करिब १५ हजार व्यक्तिले वार्षिक १०० दिन बराबरको प्रत्यक्ष वा अप्रत्यक्ष रोजगार उपलव्ध हुने छ। सामाजिक क्षेत्रमा गण्डकी प्रदेशमा गण्डकी प्रदेशले आवश्यक जनशक्ति कस्तो खालको जनशक्तिको आवश्यकता छ भनिकन एउटा अध्ययन गरेको थियो र त्यो अध्ययनले हाम्रो गण्डकी प्रदेशमा उत्पादन गर्नुपर्ने जनशक्तिको निर्क्योल गरेको छ। संगसंगै उद्योगले मजदुर पाका छैनन र मजदुरले उद्योग पाका छैनन । त्यसो भाको हुनाले हामीले यसको समन्वय गर्नको निम्ति समन्वय समिति पनि गठन गरेका छौं र यस वर्ष हामीले अघिल्लो वर्ष करिव ८ सय जनालाई तालिम दिएका थियौं र यसपटक हामीले लामो अवधिको १२०० र छोटो अवधिको १६०० गरी सामाजिक विकास मन्त्रालय अन्तर्गतको २ वटा तालिम सिप विकास तालिम केन्द्रबाट २८०० जनालाई तालिम दिने छौं। यसपटक हामी ६०० अर्को महिनामा हामी ६०० जनालाई लामो अवधिको तालिम सम्पन्न गर्ने छौं। त्यतिमात्र हैन सिटिइभिटिले ३ हजार नागरिकलाई तालिम दिएर व्यवसायी बनाउने योजनाका साथ अगाडि बढेको कुरा म यहांहरुलाई जानकारी गराउन चाहन्छु । रोजगारी तथा स्वरोजगारको सम्भावना उच्च भएका क्षेत्रमा लक्षित वर्ग निशुल्क

व्यवसायिक सिप विकास तालिम संचालन गर्ने प्रदेश सरकारको नीति अनुरुप व्यवसायिक सिप विकास तालिम केन्द्रहरुबाट सिलाइ कटाइ एडभान्स सिलाइ कटाइ केश श्रृङ्गार एडभान्स केश श्रृङ्गार, मोबाइल मर्मत, प्लम्विङ्ग, विद्युत जडान, कम्प्युटर हार्डवयर, टेलर मास्टर, बुटिक डिजाइन, कपाल काटने शैलुन र मिनी टेलर मर्मत जस्ता तालिम कार्यक्रमहरु संचालन गरिरहेका छन। उपरोक्त अनुसारका तालिम संचालन गर्दा कोभिड महामारीबाट प्रभावित दैनिक रुपमा ज्यालादारी गर्ने मजदुर, महिला, दलित, गरिव तथा सिमान्तकृत वर्गका साथै महामारीका कारण रोजगारी गुमाएका, विदेश जान रोकिएका र विदेशबाट फर्किएका नागरिकलाई उच्च प्राथमिकतामा राखिएको छ। यसका साथै मागको आधारमा अन्य छोटो अवधिका तालिम समेत संचालन भैरहेका छन यसै तालिम प्राप्त व्यक्तिहरु रोजगार र स्वरोजगारमा जोडिने छन। अघिल्लो बर्ष हामीले ८०० जनालाई तालिम दिएका थियौं र करिव ५०० जना रोजगारीमा जोडिएको कुरा हामीलाई जानकारी प्राप्त भएको छ। शिक्षालाई रोजगारसंग आवद्ध गर्ने प्रदेश सरकारको नीति अनुरुप प्रदेशको आवश्यकता अनुसार हुनेगरी कृषि र निर्माण लगायतका विशेष क्षेत्रमा सिपमुलक तालिम पाठ्यक्रम निर्माण भैरहेको छ र पाठ्यक्रम निर्माणलाई यथाशिघ्र प्राथमिकता दिइ कार्यान्वयन गर्नेछ। प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको स्तर निर्धारण र प्रमाणीकरण गर्न तथा बजारको माग अनुरुपको सिप र मानव संसाधनको विकास गर्ने उद्देश्यले गण्डकी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रतिष्ठान स्थापना गरि सकिएको छ। चालु आर्थिक बर्षमा यसको

पूर्वाधार विकास र केहि प्राथमिकता प्राप्त क्षेत्रमा छोटो अवधिका तालिम कार्यक्रम संचालनमा संगसंगै अगाडि बढाउने गरि तयारी भैरहेको छ। वेरोजगारी र गरिवीको समस्या खासगरी सिमान्तकृत र दलित वर्गमा अत्यन्त अत्याधिक रहेको वास्तविकता मनन गरी प्रदेश सरकारले दलित समुदायको परम्परागत सिप कला र पेशा कला र सिपको संरक्षण संवर्द्धन र व्यवसायिकरणका लागी भगत सर्वजित सिप विकास कार्यक्रम अगाडि बढाएको छ। यो कार्यक्रमलाई प्रभावकारी बनाउनमा कार्यान्वयनमा लैजान स्थानिय तह र दलित संघ संस्थाहरुसंग सहकार्य एवं समझदारीका लागी समन्वय भैरहेको छ। कार्यक्रम कार्यान्वयनका लागि प्रस्ताव प्राप्त हुनासाथ तत्काल कार्यान्वयन हुनेगरी अन्य आवश्यक तयारी भैरहेको जानकारी म गराउन चाहन्छु। स्वास्थ्य क्षेत्र सुदृढिकरण कार्यक्रम सहकारी क्षेत्र विकास तथा सुदृढि कार्यक्रम शैक्षिक संस्थाहरुको स्थापना र विस्तार, खेलकुद पूर्वाधारको विकास खेलकुद प्रतियोगिताको आयोजना प्रवद्धन विभिन्न विषयमा अध्ययन अनुसन्धान आदि जस्ता कार्यक्रम संचालनबाट करिब ६८०० व्यक्तिले वार्षिक करिब १०० दिन बराबरको रोजगारी पाउने छन। भौतिक पूर्वाधार तर्फ सडक झोलुङ्गेपुल र सडक पुलको निर्माण, विद्युत सेवाको विस्तार, सिंचाइ पूर्वाधारको विस्तार र मर्मत नयां भवनको निर्माण तथा पुरानोको मर्मत संभार जस्ता कार्यक्रममा संलग्न गिटि कुटने, बालुवा चाल्ने, पर्खाल बनाउने, ढलान गर्ने,प्लाष्टर गर्ने विद्युत धारा र पानीका पाइप आदि फिटिङ्ग गर्ने मजदुर, परामर्शदाता ठेकेदार सामाग्री ढुवानीकर्ता गरि करिव १० हजार व्यक्तिले वार्षिक १०० दिन बराबरको

रोजगारी प्राप्त गर्ने छन। उद्योग, पर्यटन, वन तथा बातावरणमा तर्फ घरवास कार्यक्रम, सामुदायिक वन विकास कार्यक्रम, वैज्ञानिक वन विकास कार्यक्रम, पर्यटन पूर्वाधार विकास कार्यक्रम, भू- तथा जलाधार क्षेत्र व्यवस्थापन कार्यक्रम, ताल संरक्षण तथा विकास कार्यक्रम, घरेलु तथा साना उद्योग विकास कार्यक्रम, खनिज जन्य वस्तुको उत्खनन कार्यक्रम, वनमा आधारित उद्योगहरुको विस्तार कार्यक्रमले प्रत्यक्ष रुपमा १००० र अप्रत्यक्ष रुपमा ८००० गरि करिव ९००० व्यक्तिलाई प्रत्यक्ष वा अप्रत्यक्ष गरि १०० दिन बराबरको रोजगार उपलव्ध हुनेछ। संघीय सरकारको प्रधानमन्त्रि रोजगार कार्यक्रमबाट यस प्रदेशमा थप २५ हजार व्यक्तिले १०० दिन बराबरको रोजगारी पाउने अनुमान छ । त्यसैगरी प्रदेश सरकारबाट संचालित कार्यक्रमबाट यस आर्थिक वर्षमा प्रत्यक्ष वा अप्रत्क्ष गरी कुल ५४ हजार व्यक्तिलाई वार्षिक १०० दिन बराबरको रोजगार सिर्जना गर्ने अपेक्षा गरिएको छ। यसका साथै नेपाल सरकारले प्रदेश र स्थानिय तहहरुमा हरेक नागरिकलाई सिपयुक्त बनाएर उद्यम र व्यवसायमा संलग्न गराउनको निम्ति गण्डकी प्रदेशमा १० करोड ५० लाख वजेट पठाइसकेको छ र हामीले प्रदेश सरकारको ४ वटा मन्त्रालय यसका तालिम केन्द्रहरु र स्थानिय तहहरुमा परिपत्र गरेका छौं। त्यो परिपत्र गर्ने बेलामा हामीले हाम्रो बजारको मागलाई ध्यानमा राखेर हाम्रो अध्ययनले दिएका निष्कर्षहरुलाई राखेर हामीले स्थानिय तहमा पठाएका छौं र यो प्रस्ताव आउने क्रम जारी छ र सवै ठाउंबाट प्रस्ताव आइसकेपछि हामीले तालिम संचालन गर्ने कुरा यहांहरुको वीचमा म राख्न

चाहन्छु। यसका अतिरिक्त स्थानिय तहले लगानी, स्थानिय तहको लगानी, नेपाल सरकारले गर्ने लगानी, नीजि क्षेत्रले गर्ने लगानीबाट समेत थप रोजगारी सिर्जना हुने छन। यसबाट श्रम तथा रोजगार क्षेत्रका समस्या र क्रमश समाधान हुंदै जाने अपेक्षा गरेको छ। सभामुख महोदय २०७४ सालमा प्रदेश सरकार गठन भएदेखिनै प्रदेश सरकारले गरिवी निवारणलाई उच्च प्राथमिकता दिएको छ। गरिवी निवारणको लागी प्रदेश सरकारले गरिव लक्षित कार्यक्रम संचालन गरेको छ। प्रदेश सरकारले संचालन गरेका घरवास कार्यक्रम, सामुदायिक वन विकास कार्यक्रम, बैंज्ञानिक वन व्यवस्थापन कार्यक्रम, पर्यटन प्रवर्द्धन कार्यक्रम, वनमा आधारित उद्योगहरुको विस्तार कार्यक्रम, मुख्यमन्त्रि वातावरण मैत्री कृषि गाउं कार्यक्रम, नमुना कृषि तथा मत्स्य विकास कार्यक्रम, जग्गा चक्लाबन्दी कार्यक्रम साना सिचाइ, कफि, अलैंची, रेशम र फलफूल विकास कार्यक्रम, सिप विकास कार्यक्रम, निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम र जनता आवास कार्यक्रम, गरिव लक्षित कार्यक्रम हुन। यी कार्यक्रमले प्रदेशको गरिवी निवारणमा महत्वपूर्ण योगदान दिएका छन। गण्डकी प्रदेशको कुल प्रक्षेपित जनसंख्या २४ लाख ९९ हजार ९११ मध्ये ३ लाख ७२ हजार ८६३ अर्थात १९.९१ प्रतिशत जनसंख्या निरपेक्ष गरिवीको रेखामुनी थियो। प्रदेश सरकार स्थानिय तह नेपाल सरकार र नीजि क्षेत्रका कार्यक्रम कार्यान्वयनले गत विगत २ बर्षमा ४९ हजार ९ सय ९८ व्यक्ति निरपेक्ष गरिवीको रेखामाथि उठेका छन। विगत २ वर्षमा निरपेक्ष गरिविको रेखामुनि रहेका जनसंख्या १४.९१ प्रतिशतबाट घटेर १२.९१

प्रतिशतमा झरेको अनुमान छ। आर्थिक वर्ष २०७७/७८ मा ३७ हजार ४ सय ९८ व्यक्ति निरपेक्ष गरिविको रेखामाथि उठने अपेक्षा गरिएको थियो । तर कोभिड १९ को असरको कारण उनिहरुको गरिविको रेखामाथि उठने प्रयास १ वर्षपछि धकेलिएको छ । आगामी वर्षमा गरिव जनतालाई गरिवीको रेखामाथि उठाउने थप कार्यक्रम तर्जुमा गरि गरिवी निवारणलाई उच्च प्राथमिकता दिने प्रदेश सरकारको योजना रहेको छ। सभामुख महोदय गण्डकी प्रदेश सरकारले श्रमजीवि वर्गको हक हित र अधिकारलाई उच्च प्राथमिकतामा राखेको छ। श्रमजीवि र सर्वहारा एवं सिमान्तकृत वर्गको उत्थान बिना मुलुकको सर्वाङ्गिण विकास सम्भव छैन भन्ने मान्यातामा आधारित विश्वास राख्दछ। यसै कारण श्रम सम्मान राष्ट्रको अभियान भन्ने मुल मन्त्रलाई आत्मसात गरि आफ्ना कार्यक्रमहरु अगाडि बढाएको छ। यसै सिलसिलामा श्रम सम्बन्धि कानूनी व्यवस्था कार्यान्वयनको लागी सहजीकरण गर्न तथा प्रदेश तहमा श्रम क्षेत्रमा गर्नु पर्ने सुधारको कामलाई व्यवस्थित गर्न गण्डकी प्रदेश सरकारले प्रदेश श्रम सल्लाहाकार परिषद गठन सम्बन्धि कार्यविधि २०७७ स्वीकृत गरि कार्यान्वयनमा ल्याएको छ। प्रदेश सरकारलाई श्रम सम्बन्धि विषयमा परामर्श दिने मुख्य जिम्मेवारी तोकी प्रदेश श्रम सल्लाहकार परिषदको गठन भैसकेको छ यसबाट प्रदेश तहमा श्रमिकहरुको हकहित र अधिकारको संरक्षण एवं प्रवद्धन गर्न सामाजिक सम्वादलाई प्रभावकारी बनाउन तथा प्रदेशभित्र असल व्यवसायिक संस्कृतिको विकास भइ रोजगारीको थप अवसर सिर्जना गर्न समेत महत्वपूर्ण योगदान हुने अपेक्षा लिएको छ।

अन्त्यमा श्रम रोजगार र गरिवी निवारण जस्तो आम नागरिकको प्रत्यक्ष सरोकारको सर्वाधिक महत्वपूर्ण विषय प्राथमिकता साथ यस सम्मानित सभामा उठान गर्नु भएकोमा माननीय सदस्यज्यूहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै एवं यो विशेष अधिवेशन पूर्ण सफलताको कामना गर्न चाहन्छु र मैले विशेष गरिकन ३ वटा कुरा यहांहरुको विचमा उठाउन चाहन्छु। हामी राजनीतिक कर्मी हामीले जनताको विचमा कसम खाएका छौं हाम्रो यत्रतत्र धेरै समस्याहरु छन ती समस्याहरुलाई समाधान गर्नका निम्ति हाम्रो दिलो ज्यान लाएका छौं। चाहे त्यो माननीय ज्यू हुनहुन्छ चाहे सरकारमा रहेका मन्त्रिहरु सवैले प्रयास गरेका छौं तर ती प्रयासहरुलाई सफल बनाउनको निम्ति हामीले पाएको समय हाम्रो संयन्त्र हाम्रो क्षमता र हाम्रा आर्थिक हैसियतलाई पनि ख्याल गर्न नितान्त जरुरी छ। यहांहरुले उठाएका कुराहरुसंग प्रदेश सरकार सहमत छ। तर हामीले भन्दा वित्तिकै सवै समस्याहरु समाधान हुन सक्दैनन। क्रमिक रुपले यसको समाधानको निम्ति प्रदेश सरकार दत्तचित्त भएर लागेको कुरा यहांहरुको विचमा राख्न चाहन्छु। दोश्रो कुरा प्रतिनिधि विघटनको कुरा यहां पटकपटक उठेको छ। सम्मानित सर्वोच्च अदालतमा रहेको कुरामा म धेरै जान चाहन्न कैले यो देशमा नेपाली कांग्रेसको बहुमतको सरकारले पनि विघटन गरेको छ र अहिले नेकपाको सरकारले हाम्रो प्रधानमन्त्रीले यो सदन विघटन गर्नुभाको छ। प्रतिनिधि सभा विघटन गर्नु भाको छ यसको पृष्ट भुमिमा गएर हामीले अध्ययन गर्न जरुरी छ। हामीले बहुमतको सरकारको कुरा गरि राख्दाखेरी बहुमतको सरकारको प्रधानमन्त्रीलाई पार्टिभित्रबाट कति सहयोग रह्यो

प्रधानमन्त्रीले त्यो सरकारले गरेका कामहरुको प्रचार गर्ने काम पार्टिका नेताहरुबाट कति भयो यो एउटा प्रश्न र यो प्रश्नको मनमनै हामीले लेखाजोखा गर्न जरुरी छ । दोश्रो कुरा हाम्रो पार्टि नेपाल कम्यिनिष्ट पार्टि नेकपामा आम नागरिकलाई स्वरोजगार बनाउने कुरा आम नागरिकलाई रोजगारीसंग जोडने कुरामा पार्टि कमिटि भित्र छलफल भयो की भएन? अथवा सिंङ्गै देश कोभिडले थर्थराएको बेलामा त्यतिबेला पार्टि कमिटिले सरकारलाई कोभिडको विरुद्ध लडनको निम्ति सल्लाह सुझाव दिने काम सहयोग गर्योकी गरेन र अहिले हामीले हेरी राख्दाखेरी नेपाल कम्युनिष्ट पार्टि नेकपा भित्र कुनै त्यस्तो मुद्दा छैन। त्यसो भाको कारणले गर्दाखेरी हामीले सतहमा विघटन गर्नु राम्रो थिएन। विघटनको विषयलाई मात्रै राख्नु भन्दा पनि विघटन हुनु पछ्राडिको कारणलाई त्यसको पृष्ट भुमिलाई अध्ययन गर्न जरुरी छ। हाम्रो सरकारले सम्माननीय केपी शर्मा ओलीको नेतृत्वको सरकारले धेरै त्यस्ता राम्रा कामहरु गरेका छन। ती कामहरुलाई उजागर गर्दै पार्टि संगठनलाई व्यवस्थित गर्दै अगाडि लानु पर्ने आवश्यकता थियो तर त्यस्तो हुन सक्या छैन। त्यसैले हामी पृष्ठभुमिको अध्ययन गरौं, हामी कहां छौं अध्ययन गरौं र त्यसको डिसिजन गरौं मैले यहि कुरा राख्दै मैलै आफ्नो भनाइलाई अन्त्य गर्न चाहन्छु धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्यहरु अव यो छलफल यहि समाप्त हुन्छ । माननीय सदस्यहरु अब यो वैठक २०७७ साल पौष २८ गते विहान ११.०० वजे सम्मको लागि स्थगित हुन्छ ।